# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा अधिकांश जाति तथा जनजातिहरू प्राचिन समयदेखि नै नेपाल वाहिरबाट आई बसोबास गरेको पाइन्छ । नेपालमा पूर्वतर्फबाट मंगोलियनहरू र पश्चिमबाट आर्यहरूको आगमन भयो । नेपालमा आगमन भएका मंगोलयनहरूको पुख्यौली थलो सेचुवान म्युनानका पहाडी भागहरूबाट तथा आर्यहरू मध्ये एसियाको सुख्खा भूमिमा रहेका थिए भनिन्छ । मंगोलियनहरू सर्वप्रथम २००० वर्ष पहिले उत्तरी बर्मा आसाम, भुटान, सिक्किम तथा पूर्वि नेपाल हुँदै हिमालको दक्षिण भाग तर्फ फैलिए । मंगोलियन समुह जाति मानिसहरू वर्तमान उत्तरी पूर्व भारतका मूल जातिसँगको घुलमिलले गर्दा तिब्बतीको भाग प्रयोग गरेका हुन भनिन्छ । केही मंगोलियन ाति समुहका किम्बदन्ती अनुसार तिब्बती हिमक्षेत्र भन्दा पनि छाढाको बोकिम ठाउँबाट गुरुङ्गहरू र पोहिडङ्ग भन्ने ठाउँबाट मगरहरूको आगमन भएको हो । खुम्बु क्षेत्रमा शेर्पाहरू भने १६ औं शताब्दीको मध्यतिर नेपाल प्रवेश गरेका हुन । नेपालका आर्यनहरूको आगमन भारतको उत्तर पश्चिम क्षेत्रबाट भई पश्चिम नेपालको हिमाल तथा पहाडी क्षेत्रतिर फैलियो । इशाको दशौं शताब्दीतिर केहि हिन्दु शरणार्थीहरू भारतमा मुसलमानी आक्रमणबाट बच्नका लागि पनि नेपालतर्फ प्रवेश गरे (पौड्याल २०४५)

नेपाल विभिन्न धर्म सम्प्रदायका अनुयायीहरू रहने गरेका छन् । यो देश बहुजातिय, बहुभाषिय र बहुसांस्कृतिक समुदायका मानिसहरू रहने साझा घर हो । जहाँ शताब्दी औ देखि सँगसँगै बस्दै आफ्नै किसिमका प्रथा परम्परा एवम विश्वासहरू विकसित भएका छन् । तर आज आएर त्यसमा परिवर्तन आएको छ । जातिय युद्ध संघिय राज्यको भागमा देशमा अनमेल युद्ध भइरहेको छ । नेपालमा भौगोलिक प्रदेशहरू हिमाल , पहाडी र तराईको जनजीवनमा जातिगत भाषागत र भेषभुषाका आदीमा विभिन्नता पाइएतापनि एकता प्राप्त छैन ।

नेपालका माझीहरूलाई दुइ भागमा विभाजन गरिएको छ । पाखो माझी र पानी माझी पाखो माझी भन्नाले जमिनमा काम गर्ने र पानी माझी भन्नाले माछा मार्ने, नदी तार्ने तर्ने काम गर्ने माझीलाई चिनिन्छ । (सुवोध २०१२)

नेपाल एक वहुजाति, बहुभाषिक र बहु साँस्कृतिक राज्य हो भनि परिभाषित गरी सोहि भावनालाई मूर्त रूप दिने वातावरण तथा शिक्षा सम्बन्धिहक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी हकको विशेष व्यवस्था गरी सामाजिक तथा साँस्कृतिक रूपले पिछडिएको जनजाति र समुदायको उत्थान गर्ने निती राज्यले अवलम्बन गर्न अठोट गरिएको छ । (नेपालको अन्तरिम संविधान २०७२)

स्याङ्गजा जिल्लामा विभिन्न ठाउँमा छरिएर रहेका माझी जातिहरू मध्येबाट कृष्ण गण्डकी ८ मिर्मिका माझी जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा अध्ययन गर्ने कोशिस गरिएको छ । इ.स. १९९८ मा विश्व ५०८०००० माझीहरूको जनसंख्या भएको अनुमान गरिएको छ । (सुवोध, २०१२) साथै माझी समुदायको सामाजिक तथा सांस्कृतिक परिवेश र यी संग सम्बन्धित विषयहरूका बारेमा अध्ययन र अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

देशभित्र प्रत्येक समुदाय एवम जातजाति समुहका आ-आफ्नै भाषा एवम संस्कृति चलचलन र रितितरिवाज छन् ती प्रत्येक समुदाय र जातजाति समुह मिलेर समग्रमा नेपाली संस्कृतिको निर्माण भएको हो । माझी जाति नेपालको पुराना बासिन्दा मध्ये एक हुन । अन्य जातिहरूमा जस्तै माझीहरूमा कुशवार, राजवंशी, सुर्यवंशी, कुमाल, जस्ता थरहरू छन् । प्रायः यिनीहरू नदी किनारको छेउछाउमा बस्ने गरेतापनि कुशवार, मलहार थरी तराईमा र सुर्यवंशी, कुमाल, राजपुत हरकाली थरी पहाडी भेग र भित्री मधेश क्षेत्रमा मिश्रित रूपमा बसोबास गरेको पाइन्छ । (पौड्ेल २०४१)

माझी समुदायमा सम्पन्न गरिने संस्कारहरू प्रायः हिन्दु पर्वते समुदायसँग मिल्ने भएतापनि जन्म भएपछि नामाकरण गर्दा पास्नी, छेवर, विवाह एवम मृत्यु संस्कारहरूमा पनि प्रशस्त मौलिकता पाइन्छ । माझी समुदायको आपसी व्यवहार सहज बनाइने श्रम विनिमय प्रथा (पर्म) पनि रहेको छ ।

प्रकृति जस्तै समाज पनि परिवर्तनशिल छ । प्रत्येक समुदायको भाषा, धर्म, संस्कृति, आदिमा परिवर्तनले प्रभाव पार्दछ । त्यस्तो परिवर्तनको प्रभावबाट माझी समुदायपनि अछुतो छैन । यहि परिवर्तन माझी समुदायमा पनि सामाजिक र सांस्कृतिक रुपमा के कस्तो अवस्थामा भएको छ भन्ने कुराको यस शोधकार्यमा अध्ययन गर्न खोजिएको छ । यो अध्ययन निम्न प्रश्नहरूमा केन्द्रित रहेको छ ।

क) यी जातिहरूको सामाजिक, सांस्कृतिक अवस्थामा के कस्तो परिवर्तन भएको छ ?

ख) माझि जातिहरुको सामाजिक, आथिृक अवस्थामा के कस्तो परिवर्तन आएको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य स्याङ्जा जिल्ला कृष्ण गण्डकी गाविसका माझीहरूको सामाजिक तथा सांस्कृतिक अवस्थामा आएको परिवर्तन सम्बन्धि अध्ययन गर्नु रहेको छ । यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन् ।

क) माझी जातिको सामाजिक अवस्थाको बारेमा अध्ययन गर्ने ।

ख) माझी जातिको सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

विभिन्न जातिको संगम स्थल भएको देश नेपाल हो । नेपालमा बसोबास गर्ने कुनै पनि जातिको आफ्नै सांस्कृतिक , सामाजिक, आर्थिक तथा शैक्षिक पक्षमा विकास गरेर आफ्नो जातिय पहिचान प्रस्तुत गरेका छन् । कुनै पनि जातिको उपयुक्त कुराको अध्ययबाट मात्र सही रूप झल्काउन सकिन्छ । एउटै देश नेपालमा बसोबास गर्ने कुनैपनि जातिको कुनै एक पक्षमाथि कमी आउनासाथ सिंगो नेपालको विकासमा बाधा पुग्दछ । तसर्थ नेपाल र नेपालीको विकास गर्न नदी किनारमा बसोबास गर्ने पिछडिएको उत्पीडित जनजाति तथा समुदायतर्फ उचित ध्यान दिन अनुसन्धानको मूमिका महत्वपूर्ण हुन जान्छ । साथै समुदाय भित्रको सुक्ष्मकुरालाई केलाएर जनसमक्ष प्रकाश पार्नु अनुसन्धानको नै महत्वपूर्ण भूमिका रहेको हुन्छ । यो अनुसन्धानको क्रममा समाजशास्त्रीय दृष्टिकोणले माझी समाजको सामाजिक र सांस्कृतिक पक्षमाथि प्रकाश पारेको हुँदा यसले माझी जातिको विकास गर्नका लागि निति निर्माणमा सहायक हुने छ । माझी जातिको अध्ययन र अनुसन्धानको महत्व निम्न प्रकार रहेको छ ।

क)	माझी जातिको पहिचान गराउने ।

ख)	माझी जातिको सामाजिक तथा सांस्कृतिक अवथामा आएको परिवर्तनको विश्लेषण गरी सत्य तथ्य कुरा लिखित रूपमा बाहिर ल्याउने ।

ग)	सबै समुदाय बिचमा सहयोग र समझदारी गराउन सहयोग मिल्ने छ ।

# अध्याय : दुई

## पूर्व साहित्यको पुनरावलोकन

आधुनिक नेपालमा ७५ भन्दा बढी जाति ५४ समुदाय भएको अनुमान गरिन्छ । सामान्यतः आर्य र मंगोल आग्नेय (आष्टिक) र दूपिण नेपालका विस्तृत जाति हुन । आर्य र मगोल दुइ उक्त समुहको संख्या बढि तथा आग्नेय र द्रविणको अल्पसंख्या छ । नेपालको जनगणनाको इतिहासमा पहिलो पटक सन १९९१ मा मात्र नेपामा जात र जनजातीहरूको पहिचान सहित जनसंख्या लिने प्रयास गरियो । यो भन्दा अलि सन १९५२/५४ १९७१ १९६१ मा लिइएको जनगणनामा नेपालमा मानिसहरूको भाषा र धर्मको बारेमा मात्र आंकडा संकलन गरिएको थियो सन् १९९१ मा लिइएको जनगणनामा तराइमा २९ पहाडमा २४ र हिमालमा ४ रहेको कुरा डा. हर्क गुरुले उल्लेख गर्नुभएको छ । तर जनगणनामा देशको सम्पूर्ण जनसंख्याको न्यून प्रतिशत भन्दा कम जनसंख्या रहेको देखिन्छ । जसले नेपालमा जनगणना हुन बाँकी रहेका अन्य साना समुहका जातजाति पनि भएको कुरालाई पुष्टि गर्दछ । भित्रि मधेशमा पनि विभिन्न जाति समुहहरू बस्ने भएकाले छुट्टै भौगोलिक समुहमा राखिएको छ र जनजातिमा पनि नपरेकालाई आदिवासी भनिएको छ । नेवारहरू चाहि हिन्दु र बौद्ध दुवै धर्म मान्ने हुँदासामाजिक विभाजन नराखी भाषाको आधारमा जाति समुहमा राखिएको छ । उत्पतिको आधारमा नेपालको कुल जनसंख्याको विभाजन गर्दा पहाडी मूलका ६७.२ तराई मूलका ३०.९ भित्री मधेशको १.१ र हिमाली मुलका ०.७ प्रतिशत रहेका छन् । (गुरुङ, १९९६)

नेपालको सामाजिक संरचना हिन्दु व्यवस्थाको ठूलो प्रभाव रहेको छ । यहाँ आदिकाल देखि नै बसोबास गरी आएका इन्डोआर्यान र टिबेटबर्मन दुवै मुलका जातजातिहरूर्ला हिन्दु वर्ण व्यवस्थामा नै समाहित गर्ने प्रबन्ध वि.स. १९१० को मुलुकी ऐनले गरेको थियो । उक्त ऐनले तागाधारी, मनवाली, पानी नचल्ने छोइछिटो हाल्नुपर्ने गरी चार प्रकारको विभाजन गरेको थियो । जस अन्तर्गत नेपालमा रहने सबै जनजातीहरू मतवाली अन्तर्गत पर्दछन् । विभिन्न लेख एवम अनुसन्धानहरूमा नेवार, राई, लिम्बु, तमाङ्ग, गुरुङ्ग मगर थारु, चेपा, सतार, सुनुवार आदिलाई नेपालका वास्तविक आदिवासी हुन भनेर लेखेको पाइन्छ । यिनीहरूलाई पनि जनसंख्याको संरताको आधारमा दुइ भागमा विभाजन गरि हेर्ने प्रचलन छ ।

१)	बहुसंख्याक जनजातिहरूमा नेवार, गुरुङ्ग मगर राई लिम्बु थारु आदी

२)	अल्पसंख्यक जनजातीहरूमा राजवंशी, छत्याल, डोल्पो राउटे सतार सुनुवार दनुवार, सुरेल, जिरेल, चेपा, कुसुन्डा थकाली माझी आदी

बसोबासको हिसावले नेपालमा पाइने धेरै जसो जनजातिहरू विशेष गरी मध्य पहाड, चुरे पर्वत, भित्रि मधेश, नदीका किनार र खोच आदि ठाउँमा रहने गर्दछन् । नेपाल भौगोलिक दृष्टिले सानो मुलुक भएता पनि सामाजिक विभिदतामा ज्यादै धनी छ । यहाँ विभिन्न जात र जनजातिहरू उच्च पहाडी मध्ये पहाडी र तराईका भूभागमा बसोबास गरेका छन् । हरेको आफ्नो भाषा, धर्म र संस्कृति भएको हुँदा नेपाल बहुभाषिक बहुसंस्कृतिक, बहुजातिय देशको रूपमा रहेको छ । नेपाली समाजको यो विविधतालाई सर्वप्रथम राष्ट्र निर्माता पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा स्विकार गर्दै नेपाल चार वर्ण छत्तीस जातको साझा फूलवारी हो भनेका थिए । नेपालमा धेरै जातहरू र जनजातीहरू पाइने हुनाले यिनीहरूको अध्ययन गर्नको लागि विदेशी र स्वदेशी समाजसात्री मानवशास्त्रीलाई स्वर्ग तुल्य छ ।

विभिन्न जाती मध्ये खोच दुन र नदि किनारमा बसोबास गर्ने माझीहरू पनि एक हुन उनीहरूको जातीय भाषिक अस्तित्व पनि अलग्गै छ । हाम्रो देशमा अझसम्म पनि अलग जातिका भाषा र जातियता तथा तिनीहरूको स्थानगत र समयगत आधारमा पाइने सामाजिक तथा सांस्कृतिक अवस्थामा आएको परिवर्तन सम्बन्धी अध्ययान अनुसन्धान सामाग्रीहरूको पनि अभाव रहेको छ । यद्यपी केही दशक यता विदेशी तथा स्वदेशी विद्धानहरूले शेर्पा थकाली गुरुङ्ग मगर, तामाङ्ग राई किरात एवं लिम्बु जातिलाई आफ्नो व्यक्तिगत रुचीका कारण अध्यायन अनुसन्धान गरेको पाइन्छ । माझी जातीको बारेमा पनि केही मात्रमा लेख्य सामाग्रीहरूमा माझी समाज र संस्कृतिका बारेमा ज्यादै सिमित मात्रमा चर्चा गरिएको पाइन्छ । डोरबहादुर विष्टले माझी जातिको स्वभाव, इतिहास, पेशा, शारिरीक बनोट भाषा, जनसंख्या बसोबास क्षेत्र घरबास, जात थरका साथै विवाहको सम्बन्धमा मात्र चर्चा गर्नु भएको छ । यसै किसिमको सारांश हर्क गुरुङ्गले (१९९६ -७१) प्रस्तुत गर्नु भएको छ । राजेश गौतमले केही विस्तृत रूपमा नेपालमा बसोबास गर्ने सबै माझी जातिको बसोबास हुने क्षेत्र ऐतिहासिक पृष्ठभूमि, सामाजिक मान्यताहरू, थर विभाजन, भाषा, शारीरिक बनावट, पहिरन तथा गहनाहरू, खानेकुराहरू सामाजिक संस्कारहरू अन्तर्गत जन्म , न्वारन, पास्नी छेवर विवाह तथा मृत्युका सम्बन्धमा धर्म र

चापर्वहश्र, गीत तथा नृत्यहरू माझिनी महिलाहरूको अवस्था तथा उनीहरूको पेशा व्यवसायको बारेमा १९९४ : १३९ - १५६) प्रस्तुत गर्नु भएको छ । त्यसैगरी माझी मौलिक संस्कारमा बाचिरहेको जाति भनि (थापा, २०४१) चर्चा गर्नुभएको छ । (माझी) बोटे जाति आफ्नै संस्कार र परम्परा जीवित छ भन्ने चन्द्रकान्त ज्ञवाली र सन्जिव गौतमले युवामन्चमा उल्लेख गर्नुभएको छ । त्यस्तै माझी जातिका केही सामाजिक संस्कारहरूलाई विमल प्रसाद बरालले मधुपर्क (२०५०) मा चर्चा गर्नु भएको छ । यी सम्पूर्ण प्रकाशित एवं अप्रकाशित कृतिहरू यस सोध कार्यका लागि महत्वपूर्ण स्रोत सामाग्रीको रूपमा रहेका छन् ।

यस अध्ययनको तथ्याङ्कको प्रस्तुती र विश्लेषण अन्तर्गतका विषयसुचीको विभाजनमा डा. गणेश मान गुरुङ्गज्यूले प्रज्ञा चौमासिक प्रकाशित चेपाङ्ग र दुरा जातिको सम्बन्धमा गर्नुभएको प्रस्तुतीकरणलाई आधार बनाई माझी समुदायको सामाजिक तथा संस्कृतिक अवस्थामा आएको परिवर्तनलाई भौतिक तथा अभौतिक रूपमा सामाजिक संस्कार शीर्षक अन्तर्गत पनि अन्य सहायक शिर्षकहरू राखी प्रस्तुत गरिएको छ ।

# अध्याय : तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

माझी जातिको बसोबास नेपालको कुनै एक क्षेत्रमा सिमित छैन । नेपालको अधिकांश जिल्लामा माझीहरूको बसोबास रहेको देखिन्छ । यसरी छरिएर बसोबास गर्दै आएको यस जातिको माझी भाषा बोल्नेहरूको जनसख्याको हिसावले स्याङ्जा उल्लेख्य जिल्लाको रूपमा रहेदै आएको छ । वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा माझी जातीको जातिगत जनसख्या कुल ७२६१४ छ । नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत गण्डकी अञ्चलमा पर्ने यस स्याङ्जा जिल्लाका कृष्णगण्डकी, पकवादी, दरपुक आदी गाविसमा माझी जातिको बसोबास छ । यिनै गाविस मध्येको कृष्णगण्डकी गाविसलाई अध्ययन क्षेत्र स्याङ्जाको अर्धशहरी क्षेत्र हो । अध्ययन गर्न छानिएको माझी जातिको प्रर्याप्त बसोबास रहेको, आगमनको हिसावले सडक यातायातसंगै जोडिएको कालिगण्डकी जलविद्युत परियोजनाले प्रत्यक्ष रूपमा प्रभाव पारेको साथै अध्ययनकर्ताको सामान्य जानकारी भित्रको क्षेत्र भएको हुँदा यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

माझी जाति आफ्नै छुट्टै सांस्कृतिक पहिचान राखी नेपालमा परापूर्व कालदेखि बसोबास गर्दै आएको जाति भएपनि यस जातिको सामाजिक र सांस्कृतिक अवस्थाका पक्षमा विस्तृत रूपमा अध्ययन अनुसन्धान गर्ने तर्फ समाजशास्त्रीहरूको यथेष्ठ रूपमा ध्यान गएको पाइदैन । त्यसैले लोप हुँदै गएको यस जातिको जातिय पहिचान, सामाजिक र सांस्कृतिक अवस्थाको बारेमा प्रकाश पार्ने उद्देश्य अनुरूप यो अध्ययन क्षेत्रको छनौट भएको हो ।

## ३.२ नमूना छनौट

अध्ययन क्षेत्रको स्वरूप सामाजिक, सांस्कृतिक, आर्थिक दृष्टिकोणले विविधतापूर्ण छ । यस गाविसमा विभिन्न भाषा बोल्ने जातजातिहरूको बसोबास पाइन्छ । यि जातिहरूको आ-आफ्नै प्रकारको चालचलन परम्परा र संस्कार आदि छन् । यि विविध जातजातिमध्ये माझीहरू पनि यस गाविसमा बसोबास गर्दै आएका छन् । यहाँ रहेका यि माझी जातिको सामाजिक र सांस्कृतिक अवस्थामा आएको परिवर्तन सम्बन्धि विस्तृत अध्ययन गर्नका लागि यो जातिलाई छनौट गरिएको छ । यस गाविसको वडा नं. ८ मा बसोबास गर्ने तर माझी

२२ घरपरिवारलाई जनगणना विधि मार्फत सबै घरपरिवारलाई छनोट गरिएको छ । त्यस्तै माझी जातिको जनसंख्यालाई यस अध्ययनमा छनौट गरि प्रत्येक घरपरिवारबाट एक एक जना सदस्यलाई जनगणना विधि अनुरूप प्रश्नावली सोधि अध्ययनको उद्देश्य अनुरूप परिमाणात्मक तथा गुणात्मक तथ्यहरू संकलन गरिएको छ । त्यस्तै केहि गुणात्मक तथ्यहरू माझी जातिको रितिरिवाज चलचलन जन्ममृत्यु संस्कार आदी बारेमा राम्रो जानकारी राख्ने पाको उमेरका व्यक्तिहरूलाई नमुनाको रूपमा ग्रहण गरी तथ्यहरू संकलनका लागि प्रोग गरिएको छ । अध्ययन गरिएको विषयमा सकेसम्म बढी तथ्य प्राप्त हुन सकोस भन्ने उद्देश्यले सो क्षेत्रमा रहेका विभिन्न वर्ग र पेशाका मानिसहरूसित पनि सम्पर्क गरिएको छ र यो सम्पर्कले अध्ययनकर्तालाई उचित सुझाव र निष्कर्ष प्रदान गर्न सघाउ पुऱ्याएको छ । यस अध्ययनमा जनगणना विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितिय दुवै प्रकारका स्रोतहरूबाट तथ्यहरू संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत घरधुरी अध्ययन सर्वेक्षण , अर्धसहभागी अवलोकन र अर्न्तवाताको माध्यमबाट तथ्याङ्क संकलन गरी यस क्रममा कतिपय गुणात्मक प्रकृतिका तथ्यहरू मुख्यसुचनादाता र सुचनादाताहरूको सामुहिक छलफलबाट पनि संकलन गरियो । द्वितिय स्रोतको रूपमा माझी जातिसंग सम्बन्धित पुस्तक, पत्रपत्रिका, गा.वि.स.को अभिलेख, कृष्णगण्डकी गाविस क्षेत्रमा रहेका विद्यालय र सरकारी कार्यालयमा रहेका अभिलेख आदिलाई लिइयो । यस कृष्ण गण्डकी गाविसका माझी जातिको बारेमा हालसम्म अध्ययन नभएकोले र जनजातिको सामाजिक तथा आर्थिक अवस्थामा निरन्तर परिवर्तन भैरहने हुँदा द्वितिय स्रोतमाथि भन्दा प्राथमिक स्रोतलाई नै तथ्याङ्कको मुख्य स्रोतको रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा कृष्ण गण्डकी गाविसमा बसोबास गर्ने माझीजातिको सामाजिक र सांस्कृतिक अवस्थाको बारेमा विवरणात्मक र विश्लेषणात्मक विववरण प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति

यस अध्ययनमा संकलित तथ्याङ्गहरू परिमाणत्मक र गुणात्मक प्रकृतिका तथ्यहरूको संकलन सर्वेक्षणबाट र गुणात्मक प्रकृतिका तथ्यहरूको संकलन सुचनादाताको उत्तर एवमं उनीहरूसँग भएको छलफलबाट भएको हो ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरू

अध्ययनमा अपनाइएका तथ्याङ्क संकलनका विधिहरूमाथि अनुसन्धानको परिणाम निर्भर गर्ने हुँदा अनुसन्धानमा तथ्याङ्क संकलन विधिको महत्वपूर्ण भूमिका हुन्छ । यो अध्ययन समाजशास्त्रीय अध्ययन भएकाले तथ्याङ्क संकलन पनि त्यहि विधि अपनाएर गरियो । यस अध्ययनमा अपनाइएका प्रविधिहरूमा प्राथमिक तथ्याङ्क संकलनमा व्यक्तिगत अर्न्तवाता, अवलोकन, घरधुरी सर्वेक्षण , सामुहिक छलफल आदी मुख्य छन् ।

### ३.५.१ अवलोकन

तथ्याङ्क संकलनको यो विधि अपनाएर माझी जातिको सुत्ने बस्ने तरिका, घरको बनावट आदि सामाजिक, आर्थिक अवस्थाको बारेमा तथ्यहरू संकलन गरियो । माझीहरूको दैनिक जीवनमा घट्ने घटनाहरूबारे अवलोकन गरी त्यसको आधारमा तथ्यहरू संकलन भएका छन् ।

### ३.५.२ मुख्य व्यक्तिसँगको अर्न्तवार्ता

यो प्रविधि अपनाएर माझी जातिगत पहिचान सामाजिक रहनसहन र सांस्कृतिक अवस्था सम्बन्धी विशेष जानकारी भएका मुख्य व्यक्तिहरूसित निर्मित एवं अनिर्मित दुवै प्रकारका प्रश्नहरू सोधि सम्बन्धित तथ्याङ्क संकलन गरियो । साथै स्थानिय जनप्रतिनिधि शिक्षक, व्यापारी, सामाजिक कार्यकर्ता आदिसँग निर्मित / अनिर्मित प्रश्नहरू सोधि माझी जातिको सामाजिक, सांस्कृतिक अवस्था र त्यसमा देखापर्दै आएका परिवर्तनका विषयमा केन्द्रित रहि तथ्याङ्कहरू संकलन गरिएको छ ।

### ३.५.३ घरधुरी सर्वेक्षण

घरधुरी सर्वेक्षणको लागि पहिले नै एउटा प्रश्नावलीको निर्माण गरिएको थियो । यो प्रश्नावली माझी जातिको जनसंख्या, परिवारसख्या, लिङ्गगत अवस्था, जन्मस्थल, विवाह स्थिति लिएको विवरण, जग्गा जमिनको विवरण, पशुपक्षी पालनको विवरण, शैक्षिक अवस्था, आदीको बारेमा तथ्य संकलन गरी माझीहरूको सामाजिक र सांस्कृतिक अवस्थामा आएका समस्याहरू समाधान गर्न अपनाउनुपर्ने प्रक्रियाको विषयमा केन्द्रित रहि निर्माण गरिएको छ । यस सम्बन्धी तथ्याङ्क संकलन गर्न घरधुरी सर्वेक्षण प्रविधि निकै उपयोगी सिद्ध भयो ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण

यस अध्ययनको क्रममा उपलब्ध विभिन्न विधिबाट संकलित तथ्याङ्कहरूको विभिन्न भागमा प्रस्तुत गरिएको छ । संकलित तथ्यहरूलाई आवश्यकता अनुसार तालिकिकरण औषत र प्रतिशतमा निकालिएको छ । उत्तरदाताहरूबाट प्राप्त जानकारीहरूलाई व्याख्या विश्लेषण गरी ग्राफ, पाईचार्ट आदीमा प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिको तथ्याङ्कलाई तथ्यपरक बोधसम्म बनाउन आवश्यकता अनुसार व्याख्या विश्लेषण र विस्तार गरिएको छ ।

## ३.७ अध्ययनको सीमाहरू

अध्ययन अनुसन्धान कार्य कुनै निश्चित अवधिमा निश्चित स्थानमा निश्चित उद्देश्य प्राप्तिको लागि गरिने कार्य भएकाले यसबाट प्राप्त परिमाण र व्याख्या तत अवस्थामा मात्र सामान्यीकरण हुन सक्दछ । अतः प्रत्येक अध्ययन अनुसन्धानको आ-आफ्नै सिमा र क्षेत्रहरू रहेका हुन्छन् र तिनै सिमाभित्र मात्र अध्ययनका परिणाम र निष्कर्षहरू मान्य हुने गर्दछन् । यस अध्ययनका सिमाहरू निम्नानुसार छन् ।

क) यस अध्ययनमा विषयवस्तु बनाइएका माझी जातिहरूको बसोबास स्याङ्जा, पाल्पा, पर्वत, लगायत नेपालको पचासभन्दा बढी जिल्लामा रहेको छ । साधन, स्रोत र समयको अभावमा प्रस्तुत अध्ययनमा नेपाल भरिकै माझीहरूको विविध पक्षको अध्ययन हुन सकेन । अतः यस अध्ययनको निष्कर्ष स्याङ्जा जिल्लाको कृष्ण गण्डकी गाविसमा बसोबास गर्ने माझी जातिसँग यस अध्ययनको व्याङ्ख्या एवम् विश्लेषण मेल नखान सक्छ ।

ख) यो अध्ययनमा कृष्ण गण्डकी गाविस क्षेत्रभित्रका माझी जातिको सांस्कृतिक, सामाजिक जीवन, हालको अवस्था र तिनीहरूमा भएको परिवर्तन मात्र प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

## अध्ययन क्षेत्रको सामान्य परिचय

कृष्ण गण्डकी गाविस स्याङजा जिल्लाको पश्चिम क्षेत्रमा कृष्ण गण्डकी ८ आँधिमुहान पर्दछ । यस गाउँ विकास समितिको पूर्वमा जगत्रदेवी गाविस, पश्चिममा विर्गा गाविस, उत्तरमा निवुवाखर्क गाविस र दक्षिणमा मालुङ्गा गाविस रहेको छ । भौगोलिक विविधताले गर्दा यी गाविसमा विभिन्न किसिमका हावापानी पाइन्छ । मिर्मिमा अलि न्यानो हावापानी पाइन्छ भने माथि छापामा अलि जाडो खालको हावापानी पाइन्छ ।

यस गाविसमा ब्राह्मण , नेवार, गुरुङ्ग, मगर, कामी दमाई, माझी, जातिहरूको बस्ती रहेको छ । १३४३६ जनसंख्या रहेको यस गाविसमा माझी जातिको जनसंख्या १७६ रहेको छ । जातिगत आधारमा सबैभन्दा बढी ब्राह्मण जातिको बाहुल्यता छ भने माझी जातिको जनसख्या चौथो स्थानमा छ । (जि.वि.स.स्याङ्जा, २०६३/०४४)

सामान्यतया शिक्षा भनेको ज्ञान आर्जन गर्नु हो । शिक्षा खास गरी दुई किसिमबाट आर्जन गरिन्छ । औपचारिक र अनौपचारीक । शिक्षाले मानिसलाई विभिन्न कार्यमा सहयोग गर्ने गर्दछ । ती मध्ये ज्ञान प्राप्ति, जीवीकोपार्जन, आचरण सुधार, सामाजिकीकरण हुनको लागि जीवन पद्धति अनुकुल बाँच्न शिक्षा उपयोगी साधन हो ।

शिक्षित एव दक्ष जनशक्ति भएको देश सम्पन्न हुन्छ । यसले दक्ष जनशक्तिको खाँचो प्रतिदिन खड्कीएको पाइन्छ । जनता बढी मात्रमा अशिक्षित रहेको देश गरिबीको चपेटामा पिल्सिएको हुन्छ । त्यसैले जीवन निर्वाह संचालन देखि देशको प्रत्येक कामकाजको लागि शिक्षाको आवश्यकता रहेको हुन्छ ।

कृष्णगण्डकी गाविसमा एउटा मात्र स्वास्थ्य चौकी रहेको छ भने एउटा अस्पताल छ । यो स्वास्थ्य चौकी पुग्न कसैलाई पैदल १/ २ घण्टा लाग्ने गर्दछ भने कसैलाई अलि नजिक पर्छ । त्यस्तै कृष्णगण्डकी अस्पताल पुग्न पैदल २/३ घण्टा पनि लाग्दछ । यहाँका मानिसहरू विरामी भएमा स्वास्थ्य चौकी, कृष्ण गण्डकी अस्पताल र औषधी पसलहरूमा पनि जाने गर्दछन् । त्यसैगरी पाल्पा, बुटवल र पोखरा पनि जाने गर्दछन् ।

यस गाविसमा कतै कालेपत्रे गरेको छ भने कतै कच्ची मोटरेबाटो गएको छ । गल्याङ्गको जिरो देखि कृष्ण गण्डकी गाविसको आँधिमुहानसम्मको बाटो पिच गरिएको छ

भने जैपतेदेखि बेल्टारीसम्मको मोटरेबाटो पिच गरिएको छ । यो Project को समयमा कालिगण्डकी जलविद्युत परियोजनाको समयमा २०५४ सालमा पिच गरिएको हो । सबै वडामा संचार सुविधा सहज रूपमा पुगेको छ । टेलिफोन, सुविधा सबै गाविसमा पुगीसकेको छ । यसरी यातायात र संचारमा यो गाविस अग्र स्थानमै रहेको देखिन्छ ।

## ४.१ कृष्ण गण्डकी गाविसका माझीहरूको सामाजिक अवस्था

कृष्ण गण्डकी गाविस विविध जनजातिको साझा फुलवारीको रूपमा रहेको छ । यहाँ वाहुन, क्षेत्री, मगर, नेवार, गुरुङ्ग, माझी जातिको बसोबास छ । यहाँ जातिय विविधता भएतापनि सबै जातजातिहरू आ-आफ्नै जातिय परम्परा, चालचलन, रितिरिवाज एवम् संस्कारहरू पालन गर्दै आएका छन् । यहाँ रहेका यी सबै जातजातिको आ-आफ्नै प्रकारको सामाजिक, सांस्कृतिक अवस्था छ । यही क्रममा यस अध्यायमा माझी जाति र अन्य जातिबीचको सामाजिक सम्बन्ध, माझी जातिको जनसंख्या पारिवारीक बनौट, नातेदारी व्यवस्था, सामाजिकस्तर, परिवार नियोजनको अवस्था सामाजिक संगठन एवम संस्थाहरू आदि विषयमा चर्चा भएको छ ।

### ४.१.१ माझी जाति र अन्य जातिबीचको सामाजिक सम्बन्ध

यहाँका माझीहरू सरल स्वभावका छन् । यिनीहरू आर्थिकरूपले पिछडिएका छन् । त्यसैले ज्यालादारी एवम सानोतिनो व्यापार कालिगण्डकी जलविद्युत परियोजनामा जागिर गर्ने, माछा मारेर व्यापार गर्ने काममा संलग्न छन् । यिनीहरू आफूलाई हिन्दु धर्मालम्बी मान्दछन् । पूजाआजामा अन्य समुदायका सदस्यले यिनीहरूकहाँ पनि फूल, प्रसाद पठाइदिन्छन् । यिनीहरू ती फूल प्रसादलाई श्रद्धाका साथ स्विकार्छन । कतिपय जातिका युवायुवतीले माझी युवायुवतीसँग मित लगाएको पनि देखिन्छ । मितेरी साइनोको आधारमा अन्य जातीले यिनीहरूलाई साइनो लगाएर सम्बोधन गर्दछन् । जात्रा पर्व मेलामा आदी रमाइलो अवसरहरूमा सँगसँगै रमाउँछन् । माझीहरू र यहाँका अन्य समुदायका व्यक्तिहरूले एउटै स्रोतको पानी उपयोग गर्दछन् । एउटै स्कुलमा बाल्यतहमा पढाउँछन् । स्थानिय रूपमा कुनै पनि समस्याको जन्म भएमा त्यो सबैको साझा समस्याको रूपमा लिन्छन् । सबै एके ठाउँमा बस्छन् । छलफल गर्दछन् र समाधान गर्ने गर्दछन् ।

प्रजातान्त्रिक र दलिय परिपाटीको प्रारम्भ भएपछि माझी समुदाय र अन्य समुदायबीचको सम्बन्ध अझ सहज र सुमधुर बनेको पाइन्छ । त्यसैले यहाँ माझी समुदाय

र अन्य समुदाय बीचको सम्बन्ध भौगोलिक र आर्थिक दायरामा मात्र सिमित छैन त्यो सामाजिक शैक्षिक, राजनैतिक जस्ता अनेक आयाममा विस्तार भएको देखिन्छ ।

## ४.१.२ जनसंख्या

कुनै पनि समाजको जातिगत जनसंख्याको संरचनाले त्यस क्षेत्रको सामाजिक क्रियाकलाप र नेतृत्वलाई समेत प्रभाव पार्ने गर्दछ । कुनै क्षेत्र विशेषमा बसोबास गर्ने अल्पसंख्यक जाति त्यस क्षेत्रमा बहुसंख्यामा रहेका जातिको दाँजोमा पछाडि परेको हुन्छ । त्यस्तै जनसंख्या स्वरूप, आकार, वितरण जस्ता कुराले त्यस समुदायको स्वरूप र आकार साथै सामाजिक परिवर्तन, सामाजिक सम्बन्ध आदीमा पनि प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसैले कुनै समुदायको अध्ययनमा त्यो समुदायको जनसंख्याको अध्ययन अत्यावश्यक हुन्छ ।

नेपालको वि.स. २०६८ को जनगणनामा मातृभाषाको हिसावले माझी भाषा बोल्ने जनसंख्या २१८४१ छ जुन कुल जसंख्याको ०.१०% हो र मातृभाषाको हिसावमा माझी भाषी जनसंख्या २५ औ श्रेणीमा पर्न आउँछ । (राष्ट्रिय जनगणना, २०६८) त्यस्तै जातजातिको आधारमा माझी जातिको जनसंख्या ७२६१४ देखिन्छ । जातजातिको हिसावमा यो जाति ४२ औ श्रेणीमा पर्छ र यसको कुल जनसंख्याको ०.३२ ओगटेको छ । कृष्णगण्डकी गाविसको वडा नं. ८ मा कुल २२ परिवारमा माझी जातिको जनसंख्या १७६ जना मध्ये ९१ ज्ना महिला र ८५ जना पुरुष रहेका छन् ।

## ४.१.३ लिङ्ग र उमेरको आधारमा जनसंख्या

सृष्टिको सुरुवात देखी नै यसलाई चलाउन र निरन्तरता दिन समाजमा दुई प्रकारका मानिसहरू रहेका छन् । जसलाई हामी महिला र पुरुष भन्दछौ । उमेरले पनि समाजको विभिन्न क्षेत्रमा प्रभाव पारेको हुन्छ । सामाजिक, सांस्कृतिक, राजनैतिक तथा शैक्षिक सबै क्रियाकलापहरूमा उमेरले प्रभाव पारेको हुन्छ । यस अध्ययनमा लिइएका २२ उत्तरदाताहरूको संख्यालाई लिङ्ग र उमेरको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १

## उमेरको आधारमा उत्तरदाताको संख्या

| क्र.स. | उमेर समुह वर्षमा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १५-२४ | १ | ११.११ | ५ | ३८.४६ | ६ | २७.२७ |
| २ | २५-३४ | १ | ११.११ | ३ | २३.०७ | ४ | १८.१८ |
| ३ | ३५-४४ | ५ | ५५.५५ | २ | १५.३८ | ७ | ३१.८१ |
| ४ | ४५-५४ | २ | २२.२२ | २ | १५.३५ | ४ | १८.१८ |
| ५ | ५५ भन्दामाथि | ० | १०० | १ | ७.६९ | १ | ४.५४ |
| | | ९ | | १३ | १०० | २२ | १०० |

श्रोत स्थलगत अध्ययन २०७२

तालिका नं. १ अनुसार १५-२४ वर्षको उमेर समुहमा १ महिला ५ पुरुष गरी ५ जना अवधि २७.२७ प्रतिशत, २५-३४ वर्षको उमेर समुहमा १ महिला ३ पुरुष गरी जम्मा ४ जना अर्थात १८.१८ प्रतिशत , ३५- ४४ वर्ष उमेर समुहमा ५ महिला २ पुरुष गरी जम्मा ७ जना अर्थात ३१.८१ प्रतिशत , ४५- ५४ वर्षको उमेर समुहमा २ महिला र २ पुरुष गरी जम्मा ४ जना अर्थात १८.१८ प्रतिशत र ५५ वर्ष भन्दा माथि १ जना पुरुष मात्र गरी जम्मा २२ जना रहेका छन् ।

माथिको अध्ययनबाट सबैभन्दा धेरै ५५.५५ प्रतिशत महिला उत्तरदाता १५-२४ वर्ष उमेर समुहको रहनुले त्यो उमेर समुहको व्यक्तिहरू धेरैजसो घरमै बस्ने र २५ वर्ष भन्दा धेरै उमेरका पुरुषहरू काममा व्यस्त रहने भउकोले भेट नहुने कुराको स्पष्टीकरण गर्दछ ।

### ४.१.४ वैवाहिक स्थिति

विवाह आ-आफ्नै परम्परा अनुसार गरिने एक सामाजिक संसकार हो जसले केटा र केटीहरूसँग बस्ने, यौन आवश्यकता पूरा गर्ने र सन्तान उत्पादन गर्ने मान्यता प्रदान गर्दछ । हरेक धर्म र संस्कृतीमा विवाहलाई अपरिहार्य मानिन्छ । अध्ययनको क्रममा कुनै पनि उत्तरदाता १५ वर्ष भन्दा कम उमेरको पाइएन । उत्तरदाताको वैवाहिक स्थितिलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. २**

**वैवाहिक स्थितिको विवरण**

| क्र.स. | उत्तरुदाताको | विवाहित | | अविवाहित | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महिला | ८ | ८८.८८ | १ | ११.११ | ९ | ४०.९० |
| २ | पुरुष | ७ | ५३.८४ | ६ | ४६.१५ | १३ | ५९.०९ |
| | जम्मा | १५ | ६८.१८ | ७ | ३१.८१ | २२ | १०० |

श्रोत : स्थलगत अध्ययन २०७२

तथ्याङ्क संकलन गरिएको २२ उत्तरदाता मध्ये १५ जना अर्थात ६८.१८ प्रतिशत उत्तरदाता विवाहित र ७ जना अर्थात ३१.८१ प्रतिशत अविवाहित रहेका थिए । ९ जना उत्तरदाता महिला मध्ये ८ जना अर्थात ८८.८८ प्रतिशत विवाहित र १ जना अर्थात ११.११ प्रतिशत उत्तध्रदाता अविवाहित थिए त्यस्तै १३ जना पुरुष उत्तरदाता मध्ये ७ जना अर्थात ५३.८४ प्रतिशत विवाहित र ६ जना अर्थात ४६.१५ प्रतिशत अविवाहित थिए ।

माथिको तथ्याङ्क अनुसार ६८.१८ प्रतिशत उत्तरदाता विवाहित र ३१.१८ प्रतिशत उत्तरदाता अविवाहित भएको कुराले विवाहित व्यक्तिहरूलाई घरको सबै व्यवहार हेर्नु पर्ने त्यसैले तिनीहरूलाई त्यस्ता कुराहरू बारे जानकारी भएको कुरा प्रस्ट्याउँछ ।

### ४.१.५ विवाहको प्रकार

समाजमा विभिन्न प्रकारका वैवाहिक प्रचलनहरूको स्वीकृति पाएको हुन्छ । अध्ययनको क्रममा विशेष जानकारी व्यक्तिहरूबाट माझी समुदायमा मागी विवाह, प्रेम विवाह, जारी विवाह, विधुवा विवाह हुने गरेको र केही वर्ष देखि मागी विवाह र प्रेम विवाह, नै धेरै प्रचलनमा रहेको जानकारी प्राप्त भयो ।

### ४.१.६ परिवारको प्रकार

परिवारको प्रकारमा ठाउँ समय अनुसार परिवर्तन आउँदै गैराखेको पाइन्छ । हुनत पहिले पहिले हिन्दु समाजमा बढी मात्रामा परिवार प्रथा रहन्थ्यो । यसो हुनुमा सामाजिक तथा सांस्कृति कारणहरू प्रत्यक्षरूपमा प्रभाव पर्नु हो । आज दिन प्रतिदिन मानिसहरू संयुक्त परिवारबाट एकात्मक परिवार तर्फ आकर्षित हुँदै आइरहेको पाइन्छ । जुन कि संस्कृति करणको प्रभावलाई मान्न सकिन्छ । अर्कोतर्फ संयुक्त परिवारबाट मानिसका सबै आवश्यकता परिपूर्ति गर्न नसक्नु आदि कारणले उसले एकल परिवारतर्फ उन्मुख भएको हुनुपर्छ ।

यस कृष्ण गण्डकी गाविस अन्तर्गतका माझी जातीमा परिवारकोस्थान महत्वपूर्ण रहेको पाइन्छ । यहाँ माझीहरू मुख्य गरी एकल र संयुक्त परिवार दुवै खालको परिवार पाइन्छ । माझीको परिवारमा सम्पूर्ण कुरा रेखदेख गर्ने एउटा व्यक्ति हुन्छ ।

माझीहरू खसगरी २-३ पुस्तासम्म सगोलमै बस्न रुचाएको देखिन्छ । समयको परिवर्तनसंगै यिनीहरूमा पनि केही परिवर्तन आएको पाइन्छ । हाल यिनीहरू एकल परिवार तर्फ आकर्षित भएको पाइन्छ । उनीहरू सानो परिवारमा बस्दा परिवार धान्न सजिलो पर्ने कुरामा विश्वस्त भएको बताउँछन् । अहिले विवाहित छोराहरू संगोलमा लामो समय सम्म नबसेको पाइन्छ ।

## तालिका नं. ३

## उत्तरदाताको परिवारको किसिम

| क्र.स. | परिवारको किसिम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ९ | ४०.९९ |
| २ | संयुक्त परिवार | १३ | ५९.०१ |
| | जम्मा | २२ | १०० |

श्रोत : स्थलगत अध्ययन २०७२

अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा अध्ययन गरिएको २२ परिवार मध्ये ९ (४०.९९) एकल परिवार देखिन्छ भने १३ (५९.०९) संयुक्त परिवारको किसिम देखिन्छ।

माथिको तथ्यांकलाई हेर्दा संयुक्त परिवारको  संख्या धेरै छ र एकात्मक परिवारको संख्या थोरै हुनुले माझी समुदायमा संयुक्त परिवार अझै पनि धेरै हुने गरेको र समयको परिवर्तनसँगै आ आफ्नो कमाइमा रहनु पर्ने तर्फ आर्कषित हुन लागेको कुरा देखाउँछ। संयुक्त परिवारमा जिम्मेवारी बाँडफाड भै काम गर्न सजिलो पर्ने हुँदा उनीहरुमा संयुक्त परिवार अझै पनि कायमै रहेको कुरा प्रष्ट्याउँछ।

## ४.२ माझी समाजको सामाजिक स्तर

मानव समाज व्यक्ति व्यक्ति बिचको अन्तरक्रियात्मक सम्बन्धको जालो हो। समाजका सदस्यहरू सबैले आ-आफ्ना जिम्मेवारी पूरा गर्ने गर्दछन्। तर यो जिम्मेवारी वा दायित्व पूरा गर्ने क्षमता प्रत्येक सदस्यमा फरक फरक हुन्छ। त्यही क्षमतालाई ख्यालमा राखेर समाजले सुम्पिएको दायित्व र जिम्मेवारी पूरा गर्न व्यक्ति क्षमता र कार्यकुशलताको आधारमा समाजमा सदस्यहरूको स्थान निर्धारण भएको हुन्छ। संसारको कुनै पनि समाजको यो सार्वभौम पक्ष यहाँको माझी समाजमा पनि पाइन्छ। यहाँ माझी समाजमा देखिने सामाजिक स्तरलाई क्रमशः प्रस्तुत गरिन्छ।

## ४.३ नारीका स्थान

कामको प्रकृतिको आधारमा नारीले चाँहि खाना बनाई तुल्याई गर्ने बच्चाको पालनपोषण गर्ने र घर र लत्ताकपडाको सफा सुगर गर्ने जस्ता दायित्व निर्वाह गर्दछन् । यस वाहेक व्यापार, मेलापात, घाँसदाउरा जस्ता काममा पनि यहाँ महिलाहरूको सहभागिता उच्च देखिन्छ । चाडवाडमा छोरी चेलीलाई बोलाउन, तिहारमा दिदी बहिनीको हातबाट टिका लगाउने जस्ता परम्परा प्रचलनमा रहेकोले नारीको स्थान मर्यादित नै देखिन्छ । विवाहो विषयमा पनि पुरुष र नारीको स्थान खास फरक पाइएन अविवाहित छोरीलाई पनि छोरालाई जस्तै मनपरेको मानिसँग बोल्न, हाँस्न, हिड्न सम्पर्क बढाउन परिवारले बन्देज लगाएको पाइएन । महिलालाई पनि दोस्रो तेस्रो विवाह गर्न र विधवा विवाह गर्न माझी समाजले स्वीकृति दिएको पाइन्छ ।

आर्थिक दृष्टिकोणले चाँहि छोराले पैतृक सम्पत्तिबाट अंशहक प्राप्त गर्छ । छोरीले पाउने प्रचलन छैन, अविवाहित छोरीले पेवाको रूपमा सम्पत्ती राखेको पाइन्छ । आर्जित सम्पत्ती खर्च गर्ने सन्दर्भमा श्रीमानले श्रीमतीको सल्लाह उच्च महत्वका साथ ग्रहण गर्ने गरेको पाइन्छ । किनमेलमा पुरुषको सहभागिता उच्च रहन्छ । पशुपक्षी काट्ने सन्दर्भमा महिलाको स्थान शोभनिय मानिदैन । यहाँ माझी समाजमा बोक्सी, डाइनी जस्तो अन्धविश्वास कायमै भएकोले महिलालाई प्रचलित पिडित बनाउने, गर्ने गरिन्छ । यहाँ महिलाहरू स्त्री रोगबाट पीडित देखिन्छन् । सामाजिक कार्यमा नारी संलग्नता कमै देखिन्छ र राजनितीक क्षेत्रमा भने न्यून देखिन्छ ।

## ४.४ छोराको स्थान

पितृसतात्मक प्रणालीमा आधारित अन्य समाजमा जस्तै यहाँको माझी समाजमा पनि छोरा पैतृक सम्पत्तिको आधिकारीक मालिक र वंशलाई निरन्तरता दिने व्यक्तिको रूपमा रहन्छ । त्यसैले छोराको प्राप्तिलाई उच्च महत्व दिइन्छ । मृत्यु संस्कारमा मुख्य हर्ताकर्ता छोरा नै हुने गर्छ छोरालाई घरवाहिर घुमफिर गर्न र विदेश जान समेत स्वतन्त्र छ ।

उच्च शिक्षामा छोरीभन्दा छोराको मात्र सहभागिता देखिन्छ । छोरो सामाजिक, धार्मिक, न्यायिक, राजनैतिक आदी कार्यमा संम्लित हुन्छन् । जागिर, खेलकुद, निर्माणकार्य आदिमा पुरुषको संलग्नता बढी देखिन्छ ।

## ४.५ नातेदारी व्यवस्था

मानिस सामाजिक प्राणी भएकाले र एक्लै बाँच्न नसक्ने भएकोले एक अर्कासँग अन्तरसम्बन्धीत हुने गर्छ । यसरी समाजका सदस्यहरूविच कायम भएको सम्बन्ध मुख्य रूपमा रक्त र विवाह सम्बन्धको आधारमा कायम हुन्छ । यसप्रकार समाजको कुनै पनि व्यक्ति जन्म विवाह वा अन्य कुनै सामाजिक संस्कारको आधारमा परम्परामा सम्बन्धीत हुने आउछन् । वस्तुतः कुनै पनि समाज मानिस, मानिस बिचको सम्बन्ध जालेको रूपमा रहेको हुन्छ । समाजको यो सार्वभौम व्यवस्था जालोको रूपमा रहेको हुन्छ । समाजको यो सार्वभौम व्यवस्था अपवाद यहाँको माझी समाज पनि छैन ।

यहाँको माझी समुदायमा पनि नातेदारी व्यवस्थाको उच्च महत्व छ । यहाँको मुख्य रूपमा रक्तसम्बन्ध वैवाहिक सम्बन्ध, मितेरी सम्बन्धको आधारमा नातेदारी व्यवस्था कायम भएको पाइन्छ । विवाह सम्बन्ध कायम गर्नुभन्दा पहिले हाडनाता भित्र विवाह सम्बन्ध गरिदैन । विवाह उत्सव एवं चाडपर्वमा वैवाहिक सम्बन्धका नातेदारहरूलाई बोलाउने गरिन्छ । यस्तो नाता भुगोलको हिसावले टाढाटाढासम्म पनि फैलिएको पाइन्छ ।

रक्त सम्बन्धको आधारमा कायम हुने नातेदारी व्यवस्था जन्मको आधारमा कायम हुने नातेदारी व्यवस्था हो । यसप्रकारको नातेदारीको कुनै सदस्यको मृत्यु वा जन्म भएमा सबै सदस्यहरूले जुठो वा सुतक बार्ने गरेको पाइन्छ । कूल देवताको पूजागर्ने अवसर तथा अन्य चाडपर्वहरूमा पनि यस प्रकारका नातेदारी व्यवस्थाका सदस्यहरू एकै ठाउँमा जम्मा भएर बस्ने, खाने गरेको पाइन्छ । उपयुक्त वाहेक मित लगाएर पनि नातेदारी व्यवस्था कायम भएको पाइन्छ । माझी समुदायका सदस्यले अन्य जातजातिका सदस्यसित मित लगाएपछि मितको जोसँग जे नाता छ मित लगाउने व्यक्तिको पनि त्यहि नाता कायम हुन्छ । जस्तै मितको बाबुलाई मित बाबु भन्नु पर्दछ भने मितकी बहिनीलाई मित बैहिनी भन्नुपर्दछ । मितको सालोलाई मितसाले र मितको श्रमती मित लगाउने व्यक्तिको मितिनी हुने गर्छिन । मित लगाएर कायम भएको नातेदारी व्यवस्थाका सदस्यलाई चाडपर्व पुजा आजा एवं विहेवारी जस्ता अवसरहरूमा आमन्त्रण गर्ने गरिन्छ । पूजाको प्रसाद पठाउने गरिन्छ । मित लगाउदा पुरुषले पुरुषसँगै र महिलाले महिलासँग मात्र लगाउँदछन् । त्यस्तै मित लगाउँदा उमेरको पनि ख्याल गरिन्छ । सामान्यतया उमेरको निकै अन्तर हुनेगरी मित लगाइदैन । मित लगाएर कायम गरिने सम्बन्धलाई उच्च महत्व दिएकै कारणले यहाँ माझी

समुदायमा एउटा उखान प्रचलित छ । सुखको ससुराली दु:खको मित । विवाहको सन्दर्भमा मितेरी साइनोलाई पनि ख्याल गर्ने गरिन्छ । सामान्यतया साइनो पर्ने व्यक्तिहरू बीचमा विवाह सम्बन्ध कायम गरिदैन ।

माझी समुदायमा नातेदारी सम्बन्धमा व्यक्तिहरूलाई सम्बोधन गरिने शब्दहरू केही नेपाली भाषासँग मिल्ने देखिन्छन् र कतिपय चाँहि विल्कुलै फरक देखिन्छन् । माझी समुदायका सम्बोधनका शब्दहरूलाई तलको तालिकामा हेरौ ।

**तालिका नं. ४**

**माझी समुदायमा प्रचलित नाता जनाउने शब्दहरू**

| नेपाली | माझी | नेपाली | माझी | नेपाली | माझी |
|---|---|---|---|---|---|
| बाबु | बुबा | आमा | आमै,बै | मित | आफ्नो मित |
| छोरा | छोडानी | छोरी | छुनेनी | केटाकेटी | छानाछुना |
| नाति | नति | नातिनी | नत्नी | माइजू | माइजू |
| दाजु | धाजी | भाउजू | भोजी | साथी | साथी |
| ठुलो बाबु | बाडा | ठूली आमा | बाडी | भदै | भदै |
| फुपाजु | निना | फूपु | निनी | सौतेनिआमा | मोती |
| भिनाजु | भाटू | दिदी | दिदी | भतिजा | भज्जा |
| जेठाजू | जेठाजू | जेठानी | जेठानी | भतिजी | भज्जी |

श्रोत : स्थलगत अध्ययन २०७२

## ४.६ थर उपथर

अध्ययन क्षेत्रका माझीहरूको थर उपथरको बारेमा बुझ्दा उत्तरदाताहरूबाट उनीहरू बोटे माझी भएको बताए भने त्यही समुहका एकजना बृद्ध माझीसँग जानकारी लिँदा बोटे र रायमाझी दुई किसिमको माझी यस गाविसमा बसेका र बोटे माझीहरूको बस्ती नै धेरै भएको कुराको जानकारी गराए । २२ घरमध्ये १९ घर माझी र २२ घरपरिवार रायमाझी रहेको बताए ।

## ४.७ सामुदायिक भावना

यहाँका माझीहरूमा सामुदायिक भावना बलियो देखिन्छ । त्यसैले यिनीहरू एकै ठाउँमा घर बनाएर बस्न रुचाउँछन् । सामान्यतया यिनीहरूको बस्तीको विषयमा अरु जातिहरूको पनि बसोबास भएको पाइन्छ । यिनीहरू आफ्नो समुदायभित्र सिर्जना हुने सामान्य प्रकृतीका विवाह एवम झै झगडाहरू समुदायभित्रै सुल्झाउने गर्छन । माझी समुदायमा न्यायकर्ताको समेत भूमिकामा देखापर्ने मिजार एवम गौरुडको परम्परागत पहिचान हाल ठूलो फेरबदल देखापर्छ । तरपनि समुदायभित्र उत्पन्न समस्यालाई प्रथमतः टोलको धनीमानी एवं गर्नेबुझेको माझीको सामु प्रस्तुत गर्ने गरिन्छ । जाने बुझेका माझीहरू बसेर गरेको निर्णय समुदायका सबै माझीहरूले मान्ने गरेको पाइन्छ ।

डुंगा चलाउने एवम माछा मार्ने जस्ता आफ्ना पुर्खाहरूले अपनाएका पेशालाई यहाँका माझीहरूले अपनाउदै आइरहेका छन् । त्यसैगरी व्यापार व्यवस्थामा लागेको र काली गण्डकी जलविद्युत परियोजनामा जागिर गरेको पनि पाइन्छ । माझीहरू जस्तै समाजको मान्छे पनि चाडै घुलमिल भएको पाइन्छ । माझीहरूलाई जस्तो समाजको मान्छेसँग पनि चाडै घुलमिल भएको माझीलाई अन्य समुदायको व्यक्तिले अन्याय गर्दा वा हेप्दा माझी समुदाय भित्रको व्यक्ति चुपचाप रहन सक्दैन । यहाँ माझीहरू आफ्नो समुदायलाई परिवार जस्तै सम्झिन्छन् । यस समुदायका सदस्यहरू कतिवय सानातिना निजी स्वार्थलाई बिर्सिएर सामुदायिक स्वार्थता अग्रसर हुने गर्छन । कामको समयमा यिनीहरू पर्म लगाएर काम चलाउँछन् । यसरी काम गर्दा श्रमको साटासाट गर्ने परम्परा कायम भएको हुँदा समाजमा ठूलो वा सानो भन्ने कोही पनि हुँदैन । त्यसैले सामाजिक एकता भएको पाइन्छ ।

यिनीहरूको व्यवहार कोहि पनि मर्कामा नपरोस भन्ने दृष्टिकोण आधारित हुन्छ । एकअर्काको आन्तरिक स्वभाव एव अवस्थासमेत सबैलाई सबैको थाहा हुने हुँदा समाजमा सोहि बमोजिमको सन्तुलित व्यवहार गर्ने शैलीलाई हरेक सदस्यले ग्रहण गर्दै आएको पाइन्छ । दशै तिहार जस्ता ठूला चाडपर्व एवम कुलपूजामा सबै जम्मा हुनेहुँदा यहाँको माझीहरूको परम्परा नै रहेकोले यहाँ यी जातिमा संगठित र सामुदायिक भावना कसिलो रहेको स्पष्ट देखिन्छ ।

## अध्याय : पाँच

## कृष्ण गण्डकी गाविस वडा नं. ८ मिर्मीका माझी जातीको सांस्कृतिक अवस्था

### ५.१. सांस्कृतिक जनजिवन

मानव समाजलाई चिनाउने आधार परिपालनकै कारणले मानव सभ्यता दिन प्रतिदिन विकसित हुँदै खारिदै गएको हो । प्रत्येक समुदायले आफ्नो परिवेश अनुसार आफ्नो संस्कृतिलाई विकास गर्दै लगेका हुन्छन् । यहि तथ्य अनुरूप हरेक जातिको रहनसहनमा आफ्नो जातिय स्वभाविकताको प्रभाव देखिन्छ । सांस्कृतिक रहनसहनको अध्ययनले जातजातिको विविध पक्ष बुझ्न सजिलो हुन्छ ।

स्याङ्जा जिल्लाको कृष्णगण्डकी गाविसमा बसोबास गर्ने माझी जातिको जनजिवनको अध्ययन अर्न्तगत यहाँ यिनीहरूको भाषा र साहित्य बसोबास खानपान भेषभुषा सम्मान, सत्कार प्रचलित विश्वास , पुजाआजा, मनोरञ्जन जन्ममृत्युसंकार आदिलाई लिइएको छ ।

### ५.२ भाषा र साहित्य

भाषा हरेक संस्कृतिको अभिन्न अंग हो । भाषाले सांस्कृतिक स्वरूपहरू एक स्थानबाट अर्को स्थानमा र एक युगबाट अर्को युगसम्म पुऱ्याउने माध्यमको कार्य गर्दछ । यसले समाजका सदस्यहरू बीचको अन्तरक्रियात्मक कार्य गर्दछ । यसले समाजका सदस्यहरूवीचको अन्तक्रियात्मक सम्बन्ध सजिलो बनाउने मात्र होइन, सांस्कृतिक संरचनामा समेत अलग अलग पहिचान प्रदान गर्दछ । माझी समाज आथिक सामाजिक, सांस्कृतिक र परम्परागत दृष्टिकोणले मात्र होइन भाषिक रूपले पनि अन्य समाजभन्दा फरक छ । २०६८ सालको जनगणना अनुसार माझी भाषा बोल्नेको संख्या २१८४१ छ यसमा पुरुषको संख्या १०८२७ छ भने महिलाको संख्या ११०१४ छ । माझी भाषा बोल्नेको यो संख्या नेपालको कुल जनसंख्याको ०.१० प्रतिशत हो र जनसंख्याको हिसाबमा यो पच्चीसौ श्रेणीको भाषा हो । २०५८ को जनगणनामा जातिको हिसावमा माझी जातिको कुल जनसंख्याको ७२६१४ छ यो संख्या कुल जनसंख्याको ०.३२५ हुन्छ । माझी जाति एवम माझी भाषिको बीचमा जनगणनाको तथ्याङ्कमा फरक देखिन्छ । त्यसैले माझी जातिका

समग्र सदस्यहरू मध्ये ठूलो हिस्साले माझी भाषालाई बोलचालमा अपनाउने छोडेको तर्फ संकेत गर्दछ ।

यस कृष्ण गण्डकी गाविसको माझी समाजमा माझी भाषाले सांस्कृतिक हस्तान्तरण एवम जातिय एकतामा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । यहाँ जन्म मृत्यु संस्कारका विभिन्न चरणमा गाउने विविध गितहरू माझी भाषामै पाइन्छ ।कतिपय अवस्था एवम वस्तु विशेषको नामउमा माझी भाषाको शब्दको प्रयोग भएको पाइन्छ । माझी भाषाको आफ्नो छुट्टै लिपी छैन र लेख साहित्य पनि हालसम्म उपलब्ध छैन कथम भाषाको रूपमा पनि यहाँ अधिकतर नेपाली भाषालाई अपनाउने गरिन्छ । यहाँको नयाँ पुस्ताको रुची पनि नेपाली र हिन्दी गितप्रति केन्द्रित छ । यसरी यहाँ माझीहरू बिच सांस्कृतिक एकता ल्याउने कार्य गर्दागदै पनि नेपाली र हिन्दी भाषाको बढ्दो प्रभावले माझी भाषा दिनप्रतिदिन प्रभावित हुँदै आएको पाइन्छ । लोपोन्मुख गतिमा रहेको यो भाषाको संरक्षण गर्नु समयमै प्रभावकारी कदम नचाल्ने हो भने केही वर्षमै यो भाषा लोप हुने देखिन्छ ।

## ५.३ खानपान

कुनै पनि जातिको खानपानमा उसको बसोबासको क्षेत्रमा उत्पादन हुन अन्न , त्यहाँको हावापानी, जातिय परम्परा एवम चलचलन पेशा र आर्थिक अवस्थाले प्रभाव पारेको हुन्छ । माझी माछा मार्न कुशल मतवाली जातिको रूपमा चिनिन्छ । अतः यिनीहरूको परम्परा एवम चलचलनले नै माछामासु एवम जाडरक्सीको बढी माग गर्छ । यसलाई छाड्ने हो भने यस जातिको खानपान पनि अन्य जातिको जस्तै हुन्छ । यिनीहरू पनि मुख्य खानाको रूपमा दालभात ढिंडो, रोटी तरकारी अचार आदी खाने गर्दछन् । माझीहरू खसी, राँगा, सुँगुर, कुखुरा, हाँस, परेवा आदिको मासु खान्छन् ।

माझीहरू जाँडलाई खाजाको रूपमा खान्छन् । जाँड बनाउदा कोदो राम्रो मानिन्छ भने गहुँ, चामलको पनि बनाउने गर्दछन् । जाँडलाई माझीहरूले सगुन र पाहुनालाई सत्कार गर्ने सामग्रीको रूपमा लिन्छन् । जाडरक्सी माझीहरूको खानपानको मुख्य अंग बनेर रहेको पाइन्छ ।

## ५.४ भेषभुषा

प्रत्येक जनजाति समुदायका मानिसहरूले आफ्नै किसिमको भेषभुषा लगाएबाट उक्त जातिको मौलिक, पहिचान एवं सांस्कृतिलाई झल्काउँछ । हुनत भेषभुषा हावापानी एवं धरातलिय बनोट अनुसार फरकफरक हुने गर्दछ । हिमाली क्षेत्रमा लगाइने भेषभुषा र तराई क्षेत्रमा लगाइने भेषभुषामा स्वभाविक रूपमा फरक पर्नु देखा पर्दछ । नदीम ढुङ्गा चलाउने र माछा मार्ने जातिय पहिचान भएको माझी जाति पेशागत रूपमा पानीमा बराबर डुबिरहनु पर्ने हुँदा शरिरमा कम कपडा लगाउने र कामको बेलामा लगाएको कपडा फुकालेर टाँउकामा फेटाको रुमपा बाँध्ने गर्दछन् ।

माझीका पुरुषहरू लगौटी, कछाड, भोटो एवम टाउकामा फेटा बाँध्ने गर्दछन् भने महिलाहरू धोती चोलो ब्याउज लगाउने गर्दछन् । गरगहनाको रूपमा यस जातिका महिलाहरूले घाँटीमा पोते , माला, नाकमा फूली कानमा टप विन्दी काटा चुरा आदी लगाउछन् ।

## ५.५ भाडावर्तन एवम अन्य सरसामान

जाति विशेषले अपनाउने भाँडा वर्तन एवम सरसामान त्यस जातिको खानपान, पेशा, आर्थिक अवस्था आदिले प्रभाव पारेको हुन्छ । खानपानमा जाँडरक्सी रुचाउने भएकाले माझी परिवारमा जाँड राख्ने ध्याम्पा रक्सी निगार राख्ने कलिन बोतल आदि देखिन्छ । दैनिक खानापानमा आवश्यक पर्ने थाल, कचौरा, अंखरा, गाग्री तसला, कराई, डाडु, पन्यू आदी हुन्छन् । थाल, कचौरा आदि पहिले काँस ढलोट, तामा आदी धातुका हुने गर्थे अव सिल्बर वा स्टिलका प्रयोग हुन्छन् ।

## ५.६ मनोरञ्जन एवम बाजागाजा

जाति विशेषको स्रोत एवम सले अपनाउने बाजागाजा उसको जातिय परम्पराबाट निर्देशित हुने गर्छ । वस्तुतः मनोरञ्जन मानव जीवनको एक महत्वपूर्ण एवम आवश्यक तत्व हो । प्रेम, प्रणय, नाचगान, ख्यालठट्टा, मजाक जस्ता माध्यमबाट मनोरञ्जन प्राप्त हुन्छ । मनोरञ्जनका यी स्रोतहरूलाई जाति विशेषको सांस्कृतिक परम्पराले आफ्नै शैलीमा विकसीत गर्दै ल्याएको हुन्छ । माझी जातिको जातिय मनोरञ्जन एवम बाजागाजामा पनि यिनै कुराहरू लागु भएको देखिन्छ ।

सामान्य दिनमा पनि जाडरक्सी खाएर रहन चाहने माझीहरू जातिय संस्कार एवम चाडवाडका दिनमा प्रशस्त जाँडरक्सी खाने गर्दछन् र हासी मजाक, नाचगान एवम ठट्टा गरी उल्लाहस समय वातावरण निर्माण गर्दछन् । विधिगित, शिवरात्रीगित र जुवारीगित माझी जातिका परम्परागत गितहरू हुन् ।

## ५.७ मान मर्यादा सम्मान सत्कार

कुनै पनि जातिको संस्कृतिमा मान, सम्मान, सत्कार अभिन्न अंगको रूपमा रहेको देखिन्छ । यो कुरा माझी जातिमा पनि लागु हुन्छ । माझी भाषामा कसैलाई भित्र बोलाउनु पऱ्यो भने - आबे भन्दा हुन्छ तर सम्मान गर्नुपर्ने ज्वाँइ, सम्धी लाई भित्र बोलाउदा लवज फरक पार्ने गरिन्छ ।

यहाँ माझीहरू सासु ससुरा, जेठी सासु, जेठानी दिदी आदिलाई सम्मान गर्दछन् भने मितकी श्रीमती , भाइबुहारी दिदी बहिनी आमा, आदिसँग मर्यादित भएर व्यवहार गर्दछन् । यस जातिमा ज्वाईले सासु ससुरालाई गोडामा ढोग्ने गर्छन । सासु ससुराले ज्वाइलाई नमस्कार गर्ने गर्दछन् । पाहुनालाई मिठो मसिनो खुवाउने चलन देखिन्छ । पाहुनाको स्वागतमा जाँड रक्सी र माछा मासुको परिकार तयार गरिन्छ । पाहुनासँग भलाकुसारी घरको मुख्य व्यक्तिले गरेको पाइन्छ ।

## ५.८ छुवाछुतको भावना

छुवाछुतको भवना मुख्य रूपमा जातिय विभाजन माथि आधारित हुन्छ अन्य हिन्दु धर्माबलम्बीहरू जस्तै माझीहरूपनि छुवाछुतको भावना राख्ने गर्छन । माझीहरू तल्ला जातले छोएको भात, पानी खाँदैनन र सहवासलाई राम्रो पनि मान्दैनन् । दमाई, कामी, सार्की जस्ता जातिका मानिसहरू घरभित्र पस्न दिदैनन् ।

माझीहरू बाहुनले दिएको खानेकुरा खाँदा टोपी फुकालेर खाने गर्दछन् । आफूभन्दा तल्ला जातको चिलिममा माझीहरू तमाखु खाँदैनन् । तल्लो जातको मान्छेलाई घर छाउन लगाउदैनन । जातिय संस्कारहरू सम्पन्न गर्दा तल्लो जातिको सदस्यलाई सक्रिय रूपमा सहभागी हुन दिदैनन् ।

## ५.९ जातिय विश्वास

हरेक जातिमा आ-आफ्नै प्रकारका परम्परा विश्वास एवम धारणाहरू स्थापित भएका हुन्छन् । माझी जाति नदी किनारमा बसोबास गर्ने र पेशागत रूपमा नदी किनारमा आश्रित जातिको रूपमा रहेकोले सोही परिवेशले सिर्जना गरेका विश्वास एवम मान्यताहरू यस जातिका प्रचलित छन् ।

यहाँ माझीहरू यात्रामा भरिएको गाग्री देखे साइत पर्ने रित्तो गाग्री देखे, कालो बिरालो र सर्पले बाटो काटे साइत नपर्ने, गर्भिणी एवम सुत्केरीले रात साँझमा एक्लै घरवाहिर निस्किए बोक्सी एवम भूतप्रेतले रोगव्याधी लगाउने , बोक्सी एवम भूतप्रेतको कारणले गर्भ नरहने बच्चा रोइरहने आदि हुन्छ भन्ने विश्वास गर्दछन् ।

## ५.१० चाडपर्व

माझीहरूले मनाउने चाडपर्वमा कतिपय हिन्दु परम्परा अनुसारका छन् र केहि चाहि मौलिक किसिमका छन् । यिनीहरूको मुख्य चाडपर्वमा वैशाखपूर्णिमा , साउने संक्रान्ति दशै, तिहार चैतेदशै आदि मुख्य हुन । चाडपर्व मान्ने क्रममा माझीहरूलाई माछा , मासु, जाँड रक्सी अनिवार्य रूपमा चाहिने हुन्छ । चाडपर्वलाई संक्षेपमा यसरी चर्चा गर्न सकिन्छ ।

### क) बैशाखे पूर्णिमा

वैशाख महिनामा पर्ने पूर्णिमाको दिन मनाइने यस पर्वमा माझीहरू मुख्य रूपमा कुलायन देवताको पूजा गर्छन । पुजा सम्पन्न भएपछि माछा मासु एवम जाँडरक्सी खाने गर्छन । कुलायन देवतालाई बली दिने पनि चलन छ । पुजा गरेको दिन बेलुका नाचगान गर्ने गर्छन ।

### ख) साउने सक्रान्ति

साउन महिनाको पहिलो दिन मनाइने यस चाडमा माछा, मासु जाँड रक्सी लगायत घरमा पकाएका सबै प्रकारका परिकारको स-सानो अंश भूतप्रेतलाई चडाउने भनेर दोबाटोमा लगेर राख्ने गरिन्छ । बेलुका कुखुराको फल वा मासु समेत पकाएको सबै परिकार कुलायनलाई चढाइन्छ र लुतो लैजा भनेर आगोका अगुल्टाहरू फाल्ने गरिन्छ । त्यसपछि खानपान र नाचगानको सिलसिला सुरु हुन्छ ।

## ग) स्रोहश्राद्ध

दशैको जमरे औशीको अघिल्लो पूर्णीमाको भोलिपल्टबाट प्रारम्भ हुने स्रोह्रश्राद्धको समयमा यस वर्ष मरेका व्यक्तिको श्राद्ध गर्ने गरिन्छ । श्राद्ध गरिने घरमा मृतकलाई चढाउन जाँड रक्सी, आदि लिएर गाउँले र नातेदार माझीहरू जम्मा हुने गर्छन । यसरी जम्मा हुने व्यक्तिलाई खुवाएर तृप्त तुल्याउने दायित्व श्राद्ध गरिने घरपरिवार माथि रहने गर्छ । सोह्रश्राद्ध भरिनै जाँडरक्सी, माछामासु आदि खाएर कम्मरमा भिरेको ढोलक बजाएर मृतकको नाममा विधिगित र जुवारी गीत गाएर माझीहरू रातभर नाच्ने गर्छन ।

## घ) दशै

माझी जातिको दशै मुख्य रूपमा फूलपातीको दिनबाट प्रारम्भ हुन्छ । दशैमा सामुहिक रूपमा फूलपातीको अघिल्लो दिन राँगो, अष्टमीको दिन खसी वा सुँगुर र नवमीको दिन बोका काट्ने गरिन्छ । दशैका यि दिनमा घरमा पाकेका परिकारहरू कुलायन देवतालाई चढाएर मात्र खाने गरिन्छ । दशमीको दिन प्रथमतः ढोकामाथितिर टिका लगाई फलफूल चढाइन्छ । त्यसपछि मान्यजनको हातबाट टिका लगाउने र आशिष थाप्ने क्रम शुरु हुन्छ । यो क्रम पूर्णिमाको दिनसम्म कायम रहन्छ । मान्यजनको हातबाट टिका थाप्न जानेक्रममा सोलिमा जाँडरक्सी, सेलरोटी र मासु आदि लाने गरिन्छ ।

## ङ) तिहार

तिहार पर्वको प्रारम्भ काग तिहारको दिनबाट हुन्छ । काग तिहारको दिन सेलरोटी, फलफूल र विभिन्न परिकारहरू टपरीमा राखी त्यसमा फूल अक्षताले पुजा गरिन्छ र कागलाई राखिन्छ । कुकुर तिहारको दिन कुकुरको पूजा गरिन्छ र त्यसलाई मिठो मिठो परिकार खान दिइन्छ । गाई तिहारको दिन विहान गाईको पुजा गरिन्छ र मिठामिठा खानेकुरा खान दिइन्छ । साँझमा लक्ष्मीको पुजा हुन्छ र दिपावली पनि गरिन्छ । यही दिन जाँड रक्सी, मासु , रोटी एवम मरमसला लिएर चेलीबेटीहरू माइती घरमा आउँछन् ।

## च) चैते दशै

चैत महिनामा मनाइने चैते दशैमा माझीहरू सामुहिक रूपमा राँगा, भैसी र सुँगुर आदि काट्ने गर्छन । यो चाडमा पनि चेलीबेटीहरू माइत आउँछन् । अरु चाडमा जस्तै यो चाडमा पनि तयार गरिएका परिकारहरू सर्वप्रथम कुलायन देवतालाई चढाइन्छ । त्यसपछि

सबै परिवारसँगै बसेर रमाइलो गरी खानपिन गर्ने गर्छन । जाँडरक्सी र मासुको प्रचुरता हुने भएकाले र चेलीबेटीहरू समेत माइत आउने भएकाले चैतेदशै पनि माझीहरूले उल्लासपूर्ण वातावरणमा मनाउने गरेको पाइन्छ ।

## ५.११ सामाजिक संस्कारहरू

माझी जातीले निर्वाह गर्ने सामाजिक संस्कारमा यस जातिले मान्दै आएको धर्म, परम्परा एवम संस्कृतिको प्रभाव देख्न सकिन्छ । यसका साथै यिनिहरूले निर्वाह गर्ने संस्कारमा हिन्दु आदर्श एव विधानको पनि प्रभाव देख्न सकिन्छ । ब्राह्मण, क्षेत्रीहरूले निवाह गर्ने सामाजिक संस्कारसंग माझी जातिको संस्कार थोरै मात्र मिल्दछ । यस जातिमा ब्रतबन्ध जस्तो संस्कार गरिदैन र जन्म न्वारन, विवाह, मृत्यु जस्ता संस्कारहरू यस जातिका आफ्नै स्थापित मुल्य एवम मान्यताअनुसार सम्पन्न गरिन्छन् । माझी जातिले सम्पन्न गर्ने मुख्य संस्कारहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

### क) जन्म संस्कार

यस जातीको महिलालाई सुत्केरी गराउन अनुभवी एवम परिपक्क उमेरकी माझी जातीकै महिलाले सुडेनीको काम गर्ने गरेको पाइन्छ । गर्भिणीलाई घरवाहिर लैजाँदा अशुभ हुन्छ भन्ने धारणा माझीहरूमा पाइन्छ । यस जातिका गर्भिणीले खोला तरेर टाढा जान, ढुङ्गा चढ्न रातमा एक्लै घरबाहिर निक्लन मनाही गरिन्छ । सुत्केरी हुने बेलामा पनि यि मान्यताहरू पालना गरिन्छन् । सुत्केरिलाई कष्ट नहोस र बच्चा सजिलै पैदा होस भनेर सुत्केरी व्यथा लागेपछि घर मुलिले द्धारे देवतालाई भाकल गर्दछन् । र बच्चा जन्मिएपछि दैलाको ठेलामा राखेर भाले कुखुराको बलि दिने गरिन्छ । बच्चा सजिलै पैदा भएमा न्वारनको दिन आइतबारेलाई भाले र आइतबारनीलाई पोथी कुखुरा बलि दिएर सलामी दिइन्छ । बच्चा पैदा गराउने साल झार्ने र नाल बेडाउने समेतको दायित्व सुडेनीमा हुन्छ । सुत्केरी भएकै दिनदेखी सुत्केरीलाई जाँड, रक्सी, माछा, मासु र चाम्रे खान दिइन्छ । ज्वानो पकाएको कुखुराको मासु सुत्केरीलाई खान दिनु राम्रो मानिन्छ । बच्चाको नाभीलाई दुई छेउमा बाधेर त्यसको बीचमा पैसा राखी सुडेनीबाट नाभी काट्ने चलन माझीहरूमा पाइन्छ ।

**ख) नामाकरण संस्कार**

माझी जातीमा बच्चाको न्वारन जन्मेको दिनबाट ३,५,७,९,११ दिनमध्ये कुनै दिन गर्ने गरिन्छ । न्वारनको दिन सुत्केरीले पिनाले नुहाउनुपर्छ । त्यसपछि कन्याकेटीले गाइको गहुत दुवोले घरमा र सुत्केरी एवम बच्चालाई छर्केदिने गर्छिन । त्यसपछि परिवारका सदस्य र सुत्केरीलाई गहुँत खान दिने गरिन्छ । बेसार र तेल मोलेर पहेलो पारिएको धागो सुडेनीले बच्चाको हात गोडा र घाँटीमा बाँधी दिन्छन् । कठनानी पनि यहि पहेलो धागोको बनाइन्छ । न्वारनकै दिनबाट सुत्केरीले तेल छुन्छिन । बच्चाको नामाकरण सुडेनीबाट हुन्छ । बच्चाको न्वारनको नाम र बोलाउने नाम फरक फरक हुन्छ । न्वारनको नाम प्रचारमा ल्यायो भने बोक्सी लाग्छ भन्ने विश्वास गरिन्छ ।

**ग) पास्नी**

बच्चा पाँच छ महिनाको भएपछि बुधबारको दिन पारेर बच्चाको पास्नी गर्नुपर्छ । पास्नीमा सुडेनी र मावलीको उपस्थिती अनिवार्य हुन्छ । मावलीले बच्चालाई नयाँ कपडा लगाएर कन्याकेटीको काखमा राखेपछि सुडेनीले अन्नबाट तयार गरिएको परिकार खुवाई दिन्छिन र सबैले सुन्नेगरि हिजोसम्म पशु थियौ, आजदेखि मनुष्य भयौ है भनेर बच्चालाई सम्बोधन गरी भन्दछिन । त्यसपछि अन्य नातेदारहरूले पनि बच्चालाई खानेकुरा खुवाउँछन् । हातमा दक्षिणा राखि दिन्छन । यही विधिबाट बच्चाले आमाको दुधको अलवा अन्य ठोस खानेकुरा खान प्रारमभ गर्छ । पास्नीलाई माझीहरू मुख जुठ्याउने भनि भन्दछन् ।

**घ) छेवर**

बालक ५-६ वर्षको भएपछि बुधबारको दिन पारेर गरिने देवरलाई माझीहरूले महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइन्छ । छेवरमा मामाको उपस्थिती अनिवार्य हुन्छ । सामान्यतया यो संस्कार सम्पनन गर्ने क्रममा मामाले बच्चाको लागी कपडा र खानेकुरा लिएर आएका हुन्छन् ।

छेवर गर्ने ठाउँको चारैतिर फूलसहितको घडा राखिन्छ । बच्चाको अगाडी एउटा टपरीमा माछा रोटी खसी जस्ता खानपिनका सामग्री र अर्को टपरीमा फूल अक्षता, दुबो, कलस र बालेको दियो राखिन्छ त्यहिनेर अर्को टपरीमा एक रुपियाँ दाम राखिएको हुन्छ । प्रथमतः बच्चालाई कुखुराको फूल र रोटी सगुनको रूपमा खान दिइन्छ । त्यसपछि बच्चाको

मामाले कपाल काट्न सुरु गर्छ । कपाल काट्न सुरु गर्दा बन्दुक पड्काउने पनि गरिन्छ । काटेको कपाल दाम राखिएको टपरीमा राखिन्छ र खोला वा पोखरीमा लागेर सेलाइन्छ । सेलाउँदा बच्चाको जीवनमा कुनै विध्नवाधा नपरोस भन्ने कामना प्रकट गरिन्छ । बच्चाको आफ्नो मामा छैन भने चाहि गोठामा लगेर दाम्लाले बाँधिन्छ । त्यसपछि बच्चाकी आमाले थोरै कपाल काटिदिन्छन र कुनै व्यक्तिलाई मामा नाता लगाएर बाँकी कपाल काट्न लगाइन्छ ।

**ङ) विवाह**

माझी जातिमा विवाहका लागि केटी माग्न केटा पक्ष नै सक्रिय हुनपर्छ । केटी पक्षले केटा खोज्दैन । केटी माग्न जनुभन्दा पहिले हाडनाता र सात पुस्ताभित्र पर्ने, नपर्ने विषयमा विचार गरिन्छ । विवाहको लागी सामान्य तया केटीको रूप शील गुण स्वभाव आदि हेरिन्छ । केटाको बाबुले केटी हेरी उपयुक्त भएको ठहर गरेपछि विवाहको कुरा अगाडि बढ्छ । विवाहको कुरा अगाडी बढाउन एकजना लमीको चयन गरिन्छ । विवाह सम्पन्न गराउने कार्यमा लमी केटा पक्षको मुख्य प्रतिनिधिको रूपमा रहन्छ । मंसिर महिनालाई विवाहको कुरा चलाउन उत्तम महिनाको रूपमा लिइन्छ । केटा पक्ष केटीको घरमा कुरा गर्न जान्छन् र केटीको आमाबुबार्ला केटो उपयुक्त लाग्छ भने विवाहको कुरालाई स्विकार गर्दछन् भने उपयुक्त नलागेमा अस्विकार गर्दछन् । यसरी माझी जातिमा मागी विवाह बढी प्रचलनमा रहेको पाइन्छ ।

**च) मृत्यु संस्कार**

मानिस मरेपछि गरिने संस्कार मृत्यु संस्कार हो । मरेपछि मानिसको सबलाई व्यवस्थित तरिकाले विसर्जन गर्ने गरिन्छ । धार्मिक मत अनुसार मरेको मानिसको आत्मा शान्तिको लागि यो संस्कार गर्ने गरिन्छ ।

अन्य जातिमा झै माझीहरूमा समेत मृत्यु संस्कार गर्ने गरिन्छ । बच्चाबच्ची मरे उसलाई गाड्ने गरिन्छ भने विवाहित वा अन्यव्यत्तिः मरेमा उसलाई नजिकैको खोला नदीमा लगी दाहसंस्कार गरिन्छ । यसरी दाहसंस्कार गर्दा बाबुआमा मरेमा उसको जेठो छोराले दागवत्ती दिने कार्य गर्दछन् त्यसपछि क्रमश अन्य छोराले गर्ने गर्दछन् ।

छोरा भए छोराले नत्र नजिकका मान्छे । आफन्तीले क्रियाबस्ने गर्दछन् । जुनकार्य १२ दिनसम्म गरिन्छ भने १३ दिनका दिन गुरुवाद्वारा शुद्ध शान्ति गरिन्छ साथै यस दिनमा मलामी गएकाहरूलाई खुवाउने गरिन्छ । जसलाई उनीहरू मलामी खुवाउने भन्दछन् । जस्मा दालभात, तरकारी बनाई खुवाउने गर्दछन् । १३ दिनको श्राद्ध गरेपछि माझीहरू उम्कन्छन् ।

## ५.१२ परिवारको स्वरूप

हाल आएर माझी समुदायमा संयुक्त परिवारमा बस्ने परिपाटी घट्दै गएको पाइन्छ । संयुक्त परिवारमा बस्दा आफ्ना आवश्यकता परिपूर्ति नहुने कारणले संयुक्त परिवारबाट एकल परिवारप्रति आकर्षित भएको पाइन्छ । हाल यहाँ ३७% परिवार एकात्मक परिवारको स्वरूपमा देखिन्छन् ।

## ५.१३ विविध

माझी जातिबारे अध्ययन गर्ने विद्धानहरूले माझीलाई माझीनै भनेर चिनाएका छन् । माझी जाति सम्बन्धि विभिन्न अवधारणाहरू भएता पनि नदीको छेउछाउमा बसोबास गर्ने र माछा मार्ने भएकाले उनीहरूलाई बोटे पनि भनिएको हो ।

माझीहरूले राजनितीकमा पनि चासो राख्न थालेको पाइन्छ । यहाँ वडा स्तरमा माझीले वडाबासीको प्रतिनिधित्व गरेको देखिन्छ । कतिपय माझीहरू राजनीतिकमा सक्रिय हुन रुची राख्छन् । बाहिरी संसारसँग मतलब नराखी आफ्नै आवश्यकतासँग अलमलिने जातिको रूपमा परिचित माझी जातिमा राजनितीक सजगता देखिनुलाई एक महत्वपूर्ण परिवर्तनको रूपमा बुझ्न सकिन्छ ।

आज विश्वव्यापीकरणको प्रभावले विश्व स्वयम एक विस्तृत ग्राममा रूपान्तरित भएको अवस्था छ । माझी जातिले आफ्नो सम्पर्कमा रहेका अन्य जातिको सामाजिक सांस्कृतिक पक्षको राम्रा कुराको अनुकरण गर्नु, उनीहरूसँग नजिकिनु, उनीहरूको भाषा, धर्म, रितिरिवाज, मुल्य मान्यता आदिमा आस्था राख्नुलाई सकारात्मक प्रभाव मान्न सकिन्छ । त्यस्तै परिवारको संख्या प्रतिको सजगता, शैक्षिक जागरण वैज्ञानिक प्रविधि एवम पद्धतिको आत्मकीकरण जस्ता कुराले यस जातिलाई रुढीवादीताबाट मुक्त गराई सजग एवम चेनशील बनाउने आशा गर्न सकिन्छ । त्यसैले अन्य जातिसँग सम्बन्ध बढाएर आफ्नो जीवन शैलीमा परिवर्तन गर्न सक्छन् । तर अन्य जनजातिको संस्कार एवम संस्कृतिको तिब्र होडबाजीले

क्षणिक रूपमा राम्रो परिणाम देखाए पनि भविष्यमा यस जातिको जातिय पहिचानमा गम्भीर क्षति पुऱ्याउने देखिन्छ । अन्य देशको तुलनामा क्षेत्रफलमा सानो देश नेपाल जातिय सांस्कृतिक विविधताले जनजातिको एक सुन्दर फूलवारीको रूपमा परिचित छ । त्यसैको आधारमा हाम्रो राष्ट्रियताको जग अडिएको छ । जुन रूपमा यहाँ माझी जातिको सामाजिक सांस्कृतिक गतिविधिमा परिवर्तन भएको देखिन्छ ।

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार गरिएको प्रस्तुत सोधपत्रमा माझी जातिको सामाजिक सांस्कृतिक अवस्था माथि अध्ययन गरिएको छ । माझी जाति आफ्नै भाषिक एवम सांस्कृतिक पहिचान भएको जाति हो । नेपालको ५० भन्दा बढी जिल्लामा फैलिएर रहेको यो जातिलाई परापूर्व कालदेखि नदी किनारको क्षेत्रमा बसोबास गरी माछा मार्ने एवम ढुङ्गा चलाउने व्यवसायबाट जीविकोपार्जन गर्दै आएको जातिको रूपमा चिनिन्छ । माछा मार्न र नदी तार्न यस जातिले परम्परागत रूपमा अपनाउँदै आएका साधनको स्थान उउठ्न एवम विकसित प्रविधि एवम साधनले लिएपछि यिनीहरूले पुख्यौली थलो र पेशा परिवर्तन गरेको देखिन्छ ।

यो अध्ययनको मुख्य उद्देश्य कृष्णगण्डकी गाविसको भौगोलिक, सामाजिक, आर्थिक एवम सांस्कृतिक परिवेशमा यहाँका माझी समुदायको अध्ययन गर्नु हो । यहाँका माझीको सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक पक्षको अध्ययन गरी यी पक्षहरूमा आएका परिवर्तनहरू केलाई निष्कर्षमा प्रस्तुत गर्नु यस अध्ययनको मुख्य ध्येय हो ।

माझी जाति सप्तकोशी एवम अरुण नदी हुँदै झण्डै दुइ हजार वर्ष पहिले नेपाल प्रवेश गरेकोबारे विभिन्न मानवशास्त्री एवम समाजशास्त्रीहरूले उल्लेख गरेका छन् । केहि वर्ष पहिले सम्म कोशीगङ्गातिर र ठुला नदीको छेउछाउको क्षेत्रमा बसोबास गर्ने यस माझी जातिको सामाजिक एवम सांस्कृतिक क्रियाकलापहरू हिन्दु धर्मबाट प्रेरित भएको देखिन्छन । यिनीहरूको परम्परागत चलचलनहरूमध्ये केही ब्राह्मण, दनुवार एवम दरैसँग मिल्दोजुल्दो देखिन्छ । बसोबासको क्षेत्रगत विविधता एवम भिन्नभिन्न जातजातिसँगको सांस्कृतिक प्रभावले माझी जाति भित्रै पनि भाषा, रीतिरिवाज, बसोबास, खानपान, भेषभुषा आदिमा विविधता पाइन्छ । माझीहरू आफ्नो जातिको नाम माझी हुनुको कारणबारे अनभिज्ञता प्रकट गर्दछन् । माछा मार्ने एवम ढुङ्गा चलाउने पेशा भएका समुदायलाई बुझाउन भारत बंगलादेश आदि देशमा पनि माझी शब्द प्रचलनमा रहेको र नेपालको पहाडी क्षेत्रमा माछा मार्ने पेशामा संलग्न बोटे जातिलाई माझी भन्ने गरिएको पाइनेहुँदा माझी कुनै जाति विशेष बुझाउने शब्द नभई पेशामात्र बुझाउने शब्द हो कि ? डुङ्गा चलाउने र माछामार्ने पेशामा

संलग्न भएकै कारणले मात्र उनीहरुलाई माझी मानिएको पो हो कि ? आशंकाका यी प्रश्नहरु माथि थप अनुसन्धानको आवश्यकता देखिन्छ । यदि माझी शब्द जाति नभई पेशामात्र जनाउने शब्द हो भने परम्परागत पेशाबाट विमुख यस जातिका सदस्यहरुले आफनो जातिको रुपमा माझी शब्दको मात्र उल्लेख गर्नुलाई औचित्यपूर्ण्ण मान्नुपर्ने देखिन्छ ।

यस अध्ययनमा छनौट गरिएको अध्ययनस्थल कृष्ण गण्डकी गा.वि.स.मा माझीहरु ४२-४५ वर्ष अगाडीदेखि बसोबास गर्दै आएका छन् । यिनीहरु यहाँ खनीयाबाट बाग्लुङ्गबाट आएका हुन् । २२ माझी परिवारमध्ये ५९.०१% परिवार संयुक्त परिवारको रुपमा ४०.९९% एकल परिवारको रुपमा रहेको छ । यहाँ बसोबास गर्ने २२ परिवारका ९१ जना महिला र ८५ जना पुरुष गरी जम्मा १७६ जना सदस्य रहेका छन् । जम्मा २२ उत्तरदातामध्ये ४०% उत्तरदाता महिला र ६०% उत्तरदाता पुरुष रहेको सो अध्ययनबाट माझी जातिमा मागी विवाह, जारी विाह, विधवा विवाह प्रचलन रहेको पाइयो ।

माझी जातिको सांस्कृतिक जीवन अवस्था हेर्दा यी जातिले माछा, मासु, जाँड, रक्सी बढी खाने गरेको पाइन्छ । भेषभुषामा लोग्ने मानिसले लुंगी, कमीज र आइमाइहरुले कुर्ता, धोती लगाउने गर्दछन् । यिनीहरुको संस्कारमा जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कार रहेको छ । हिन्दु धर्म मान्ने यो जाति परम्परागत अन्धविश्वास, भूतप्रेत, धामी झाँक्रीमा बढी विश्वास गर्ने गर्दछन् । उनीहरु कुलपुजवा, वैशाखे पूर्णिमा, साउने संक्रान्ति, आदि मनाउने गर्दछन् । चाडपर्वमा दशै, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, होलि पूर्णिमा मनाउने गर्दछन् ।

समय परिवर्तनसँगसँग माझी जातिहरुको पनि सामाजिक सांस्कृतिक आवस्थामा परिवर्तन आएको छ । प्रायः संयुक्त परिवारमा बस्ने माझीहरु एकल परिवारमा बस्न थालेका छन् । स्कुलको स्थापनापछि उनीहरुमा केटाकेटीहरुलाइ स्कुल पढाउनुपर्छ भन्ने भावनाको विकास भएको छ । धार्मिक आस्था तथा चाडपर्वमा पनि परिवर्तन आएको छ । औद्योगिककरणको विकासले उनीहरुको भेषभुषा, घरको बनावट तथा रोजगारी र श्रम विभाजनमा पनि परिवर्तन ल्याएको छ ।

## ६.२ निष्कर्ष

माछा मार्न र नदी तार्न तर्न यस जातिले परम्परागत रूपमा अपनाउँदै आएको साधनको स्थान उन्नत एवं विकसित प्रविधि र साधनले लिएपछि यिनीहरूको व्यवसाय बढी फस्टाउदै गएको देखिन्छ । माझी जातिको सामाजिक एवम सांस्कृतिक क्रियाकलापहरू हिन्दु धर्मका आदर्शबाट प्रेरित भएको देखिन्छ । विभिन्न जातजातिसँगको सांस्कृतिक प्रभावले माझी जातिभित्रै पनि भाषा रीतिरिवाज बसोबास खानपान, भेषभुषा आदिमा विविधता आएको देखिन्छ । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार माझी जातिको कुल जनसंख्या मध्ये ३०% ले मात्र माझी भाषा बोल्ने गरेको देखिन्छ । यसबाट माझी भाषाको भाषिक प्रचलन दिन प्रतिदिन घट्दै गएकोले यो भाषा लोपोन्मुख अवस्थामा रहेको देखिन्छ । माझी जातिमा परम्परादेखि चलि आएको भेषभुषामा आधुनिकतासँगै समय अनुसार परिवर्तन आएको पाइन्छ । माझी समुदायमा मान्छे विरामी हुनुमा भूतप्रेत, बोक्सी डाइनी ढुलुवा, मसान आदिको भूमिका हुन्छ भन्ने विश्वासबाट मुक्त भइनसकेको अवस्था देखिन्छ । माझी समुदायभित्र सामानहरूको खरिदविक्री चलनचल्ती धेरै रहेको देखिन्छ । माझी समुदायभित्र एकात्मक परिवारभन्दा संयुक्त परिवारको स्वरूप व्यापक भएको पाइन्छ ।

समग्रमा पारिवारिक जीविकोपार्जनको लागि मुख्य रूपमा ज्यालादारीमा निर्भर रहन वाध्य यहाँका माझीहरूको अवस्था गरिबी वा विपन्नताले ग्रसित देखिन्छ । यहाँको माझी परिवारको अवस्था गरिबीको रेखामुनीमात्र नभएर मानवीय रेखामुनी छ । यो अवस्थाले शिक्षा , स्वास्थ्य एवम जातिय संस्कृतिमा नकारात्मक प्रभाव परेको देखिन्छ । यी पक्षमा गरिबीको प्रभाव न्यून गर्न र यस समुदायको जीवनस्तर सुधार ल्याउन सरकार स्थानीय निकाय एवम राष्ट्र अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाले प्रभावकारी आर्थिक कार्यक्रम अगाडी ल्याउनु नितान्त आवश्यक देखिन्छ ।

# सन्दर्भसामग्री


आर.डी. र एल.एल. (२०२३), *नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,* ललितपुर : जगदम्वा प्रकाशन ।

कानुन किताब व्यवस्था समिति (२०२२), *श्री ५ सुरेन्द्र विक्रम शाह देवको शासन कालमा बनेको मुलुकी ऐन, परिशिष्ट ख) काठमाडौं* : श्री ५ को सरकार, कानुन तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्थापन समिति ।

जि.वि.स. स्याङ्जा (२०६३;६४) *स्याङ्जा जिल्ला एक चिनारी,* जि.वि.स. स्याङ्जा ।

*नेपाली वृहत शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपालको संविधान २०७२ को प्रतिवेदन ।

पोखरेल, बालकृष्ण (२०३०), *राष्ट्रभाषा,* ललितपुर : साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर (२०३४), *सबै जातको फूलबारी,* ललितपुर : साझा प्रकाशन ।

*राष्ट्रिय जनगणना २०६८को प्रतिवेदन*

सुचना विभाग, *नेपालको संक्षिप्त परिचय* : नेपाल सरकार सुचना तथा संचार मन्त्रालय, काठमाडौं ।


**पत्रपत्रिकाहरू**


एम.ए. शामेशकुमार, *माझी जातिको एक संस्कृति,* हाम्रो संस्कृति वर्ष ३, अंक ३ (२०२६) ।

कान्तिपुर दैनिक, असार २८ २०५५ ।

गौतम राजेश *चितवनका माझीहरू,* अङ्कार, वर्ष २६, अंक ३ (२०४१) ।

पौड्याल, भुपहरी, *मन्थलीका माझी, प्राचिन नेपाल,* संख्या १०५ (वैशाख २०४५) ।

वराल, विमल प्रसाद, *माझी जातिको सामाजिक संस्कृति,* मधुपर्क मासिक -कार्तिक २०५०) ।

सत्याल, शंकरप्रसाद *माझी जातिको संस्कृति,* उषा, वर्ष ५ अंक १ (२०३०) ।

Bista, Dor Bahadur (1996), *People of Nepal, 5th ed.* Kathmandu : Ratna Pustak Bhandar.

Central Bureau of Statistic (2002) Statis*tical Year book of Nepal : His Majestry government. National Planning Commission Secreterial*, Central Bureau of Statistics, Kathmandu.

Gurung, Harka (1996), *Ethnic Demography of Nepal*, Kathmandu.

Nepali, Gopal Singh (1964). *The Newars.* Kathmandu : Ratna Pustak bhandar.

# अनुसूची

**प्रश्नावली**

उत्तरदाताको नाम: वर्ष : लिंग :

ठेगाना : गा.वि.स. : वडा नं : टोल :

**अ) पारिवारिक विवरण**

१. तपाईको पूर्ख्यौली थलो कहाँ हो ?

..........................................................................................................

२. तपाईहरू पूर्ख्यौली थलो छाड्नको कारण के थियो ?

..........................................................................................................

३. तर्पाहरू परिवारमा कुन भाषा बोल्नु हुन्छ ?

..........................................................................................................

४. आफना पूर्खाहरूको खानपान र पहिरनबारे तपाईलाई कतिको जानकारी छ ?

..........................................................................................................

**आ) सामाीजक विवरण**

१. यहाँका अन्य जातिसँगको तपाईको सम्बन्ध कस्तो छ ?

..........................................................................................................

२. अन्य जातिको बारेमा तपाईको आउजाउ कस्तो छ ?

..........................................................................................................

३. आफ्ना जातिय संस्कारहरू निर्वाह गर्दा अन्य जातिलाई बोलाउनु हुन्छ कि हुँदैन ?

..........................................................................................................

४. तपाईहरू मित लगाउनु हुन्छ कि हुन्न ?

.......................................................................................................

५. तपाईहरूलार्य यहाँका अन्य जातिका सदस्यले कसरी सम्बोधन गर्छन् ?

.......................................................................................................

६. तपाईलाई एकात्मक परिवारमा बस्न मन पर्छ की संयुक्त परिवारमा बस्न मनपर्छ ?

.......................................................................................................

७. संयुक्त परिवारमा बस्दा हुने फाइदा तथा बेफाइदा के के हुन् ?

.......................................................................................................

८. एकात्मक परिवारमा बस्दा बस्दा हुने फाइदा/बेफाइदा के के हुन् ?

.......................................................................................................

९. तपाईको जातिभित्र भै झगडा हुँदा त्यसलाई कसरी समाधान गर्नु हुन्छ ?

.......................................................................................................

१०. तपाईको जातिभित्र ऐचोपैचो, सरसहयोग कतिको हुन्छ ?

.......................................................................................................

**इ) सांस्कृतिक विवरण**

१. तपाईहरू कुलदेवताको पुजा कहिले र कसरी गर्नुहुन्छ ?

.......................................................................................................

२. तपाईहरू भूतप्रेतमा कतिको विश्वास गर्नुहुन्छ ?

.......................................................................................................

३. विरामी पर्दा पहिले धामी झाँक्री कहाँ लैजानुहुनछ कि अस्पताल ?

.......................................................................................................

४. तपाईको जातिमा कुन कुन नाताबिच के कस्ता ठट्टा चल्छन् र कुन कुन नाताबिच ठट्टा गर्न बन्देज हुन्छ ?

..........................................................................................................

५. तपाईहरू आफनो जातिभित्र रमाइलो कसरी गर्नुहुन्छ ?

..........................................................................................................

६. तपाईहरू पाहुनालाई कसरी स्वागत गर्नुहुन्छ ?

..........................................................................................................

७. तपाईहरू कुन कुन चाडपर्व कसरी मनाउनुहुन्छ ?

..........................................................................................................